पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ३४ | २०७० चैत १४ गते शुक्रबार (Mar. 28, 2014) | मूल्य रू. १०/-

## कोइरालालाई पार्टीभित्रैबाट संकट

काठमडौं । नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा बनेको कांग्रेस-एमालेको संयुक्त सरकारको काम-कारबाहीलाई लिएर प्रधानमन्त्री कोइरालाकै पार्टीभित्र असन्तुष्टी बढेको छ । माघ २६ गते प्रधानमन्त्री बनेका कोइरालाले आफू प्रधानमन्त्री भएको ४५ दिन भित्रमा कुनै प्रभावकारी काम गर्न सकेका छैनन् । कांग्रेसभित्र पनि सरकारले कुनै प्रभावकारी काम गर्न नसकेको भन्दै प्रधानमन्त्री कोइरालाको आलोचना हुन थालेको छ । सरकारले डेढ महिनाभित्रमा दूघ र पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर जनताको नजरमा आक्रोशमा परेपछि बाध्य भएर पेट्रोलियम पदार्थको मूल्यमा केही कटौती गर्न बाध्य भएको थियो ।

प्रधानमन्त्री कोइरालले पार्टीलाई थाहै नदिई सरकारको साझा नीति तथा कार्यक्रम (बाँकी अन्तिम पेजमा)

# चुनावमा धाँधली भएको छैन : सुरक्षा परिषद्

काठमाडौँ । एमाओवादीले गत मंसिर ४ गते भएको संविधानसभाको चुनावमा व्यापक धाँधली भएको भन्दै उच्चस्तरीय छानविन समिति गठन गर्नुपर्ने माग गरेर आफ्ना माग पूरा नभएको खण्डमा संविधानसभामा नजाने अडान लिएको थियो । उसले त्यसबेला संविधानसभाको चुनावमा सेना परिचालन गर्नु ठूलो गल्ती भएको भन्दै नेपाली सेनाले नै धाँधली गरेको आरोपसमेत लगाएको थियो । नेपाली







सेनालाई सुरक्षाको लागि सबैभन्दा बाहिरी घेरामा राख्ने सहमति भए पनि सेनाले नै भित्री घेरामा रहेर आफ्नो पार्टीविरूद्धका काम गरेको एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले त्यसैबेला आरोप लगाएका थिए । मंसिर ४ गते राति नै अध्यक्ष पुष्पकमल दाहालले शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न भएको भन्दै चुनावमा भाग लिने सबैलाई (बाँकी अन्तिम पेजमा)

## भागवण्डामा २६ सभासद्

काठमाडौँ । संविधानसभाको निर्वाचन भएको साढे चारमहिना पुग्दासमेत संविधानसभाले पूर्णता पाउन नसक्नु दलहरूको अकर्मण्यता र नालायकीपनबाहेक अन्य केही हुन सक्दैन । पूर्णताबिना नै संविधानसभा/व्यवस्थापिका संसदको वैठक संचालन गरिएको छ । मन्त्रिपरिषद्बाट मनोनित हुने २६ सभासदहरूको मनोनयन आजसम्म गरिएको छैन ।

नेपालको अन्तरिम संविधानमा मन्त्रिपरिषद्बाट मनोनित हुने सभासद्हरूका बारेमा प्रष्ट व्यवस्था गरिएको छ । राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरू र समानुपातिक र प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका जनजाति र आदिबासीबाट दलहरूको सहमतिका आधारमा २६ सभासद् मन्त्रिपरिषदले मनोनित गर्नेछ भन्ने व्यवस्था गरिएको भए पनि अहिले (बाँकी अन्तिम पेजमा)

# मधेशी दलहरूको एकीकरण भ्यागुताको धार्नी

**अभियान संवाददाता**

काठमाडौं । पहिलो संविधानसभाको चुनावमा २ पार्टी मात्र रहेका मधेशवादी दलहरू दोस्रो संविधानसभाको चुनावमा आइपुग्दा दर्जनभन्दा बढी भएर दोस्रो संविधानसभाको निर्वाचनमा गएका हुनाले उनीहरू नराम्रोसँग पराजित भए । पराजित भएपछि केही मधेसवादी दलहरू तराई मधेश लोकतान्त्रिक पार्टी, मधेशी जनअधिकार फोरम नेपाल र सद्भावना पार्टीबीच एकीकरण प्रयास भएपनि उनीहरूको प्रयास विफल भएपछि अहिले फेरि सबै मधेवादी दलहरू एकीकरण गराउने प्रयासमा सबै दलका दोस्रो तहका नेताहरू सक्रिय भएका छन् ।

सबै मधेशसवादी दलहरू एकीकरण हुनुपर्ने भन्दै केही मधेशवादी दलका दोस्रो तहका नेताहरूले औपचारिकता र





अनौपचारिक छलफल र बहसलाई तिब्र पारेको भएपनि एकीकरणको प्रयासमा विजय गच्छदार र उपेन्द्र यादव नै बाधकका रूपमा देखिएको एक मधेशवादी दलका नेताले बताएका छन् । गच्छदार र यादवलाई एकै (बाँकी अन्तिम पेजमा)

## फेरि व्युँतियो तीन दलीय सिन्डिकेट

**अभियान संवाददाता**

काठमाडौँ । प्रमुख राजनीतिक दलहरू नेपाली काँग्रेस, नेकपा एमाले र एमाओवादी पुनः उच्चस्तरीय राजनीतिक संयन्त्र व्युँताउने विषयमा सहमत भएका छन् । एमाओवादीलाई संविधानसभामा ल्याउन गत पुसमा भएको चारबुँदे सहमतिलाई क्रमशः कार्यान्वयनमा लैजाने क्रममा उनीहरूले त्यस्तो सहमति जनाएका हुन् ।

एमाओवादीले दोस्रो संविधानसभामा सरकारी पक्षबाटै धाँधली भएको भन्दै संविधानसभामा प्रवेशको लागि विभिन्न सर्तहरू अघि सारेपछि चार बुँदे सहमति भएको थियो । हालै प्रधानमन्त्री निवास बालुवाटारमा भएको तीन दलका शीर्ष नेताहरूको वैठकले त्यस्तो उच्चस्तरीय राजनीतिक संयन्त्र व्युँताउने र त्यही संयन्त्रबाट तीन दलबीचमा हुने असहमतिलाई सहमतिमा पुऱ्याई अन्त्य गर्दै अघि बढ्ने सहमति जनाएका छन् । संविधानसभामा रहेका ३० दल र दुईजना स्वतन्त्र सभासद् रहेपनि तीन ठूला दलले मात्र अनेक प्रकारका सहमति गर्दै अन्य साना दलहरूलाई उपेक्षा गरेका छन् । संविधानसभामा २४ सभासद्सहित चौथो ठूलो दल भएको राप्रपा नेपाललाई भने तीन ठूला दलहरूले कुनै वैठकमा सहभागी समेत गराएका छैनन् । संसद्मा रहेका सबै दललाई सहमतिमा लिएर अघि बढ्ने प्रधानमन्त्रीको ओठे भक्ति यतिबेला हराएको (बाँकी अन्तिम पेजमा)

## चीन विरोधीलाई टुंगो लगाइने



काठमाडौं । उपप्रधान तथ गृहमन्त्री वामदेव गौतमले नेपाली भूमीमा बसेर शरणार्थीको नाममा कुनै पनि छिमेकी मुलुकको विरोध नगर्न र शरणार्थीले आफ्नो राष्ट्र विरोधी क्रियाकलाप नगर्न कडा शब्दामा चेतावनी दिएका छन् । गृहमन्त्री गौतमले उक्त चेतावनी हालै राष्ट्रिय मानव अधिकार प्रतिष्ठानको सातौं सम्मेलनको उद्घाटन गर्दै त्यस्तो चेतावनी दिएका हुन् । गृहमन्त्री गौतमले तिब्बती शरणार्थी तर्फ लक्षित गर्दै शरणार्थीलाई चीन विरोधी गतिविधि नगर्न चेतावनी दिंदै शरणार्थीहरू जुन देशमा बस्छन् त्यस देशको संविधान, ऐन, कानुन स्वीकार गर्नुपर्ने बताएका छन् । सो अवसरमा गृहमन्त्री गौतमले (बाँकी अन्तिम पेजमा)

## क्यासिनोहरुबाट करोडौं स्वाहा

काठमाडौं । सरकारले राजस्व तिर्न पटक/पटक क्यासिनोहरूलाई समय दिंदा पनि राजस्व नतिर्ने क्यासिनोहरूलाई कारबाहीको घोषणा गर्ने सरकारले फेरि क्यासिनोहरूलाई सबै राजस्व तिर्न १५ दिनको समय दिएको छ । आफ्नो घोषणालाई कार्यान्वयन गर्न नसकेर सरकारले फेरि १५ दिनको सय थपिदिएपनि क्यासिनोहरूले राजस्व तिर्ने इच्छा देखाएका छैनन् । गत साउनमा ल्याएको क्यासिनो नियमावली कार्यान्वन हुन नसक्दा अहिले सञ्चालनमा रहेका सबै क्यासिनोहरू सरकारी नियम विपरित सञ्चालन भएका छन् । यसरी सरकारले नै नियम विपरित क्यासिनोहरू सञ्चालन गर्न दिएर आफ्नो असफलतालाई जगजाहेर गर्दै अगाडि बढ्नु भनेको सुशील कोइराला सरकारको असफलता नै हो । (बाँकी अन्तिम पेजमा)

## 'प्रधानमन्त्री नै चुनाव गराउन चाहँदैनन्'

काठमाडौँ । पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले प्रधानमन्त्री सुशील कोइराला स्थानीय निकायको चुनाव गराउन डराएको गम्भीर आरोप लगाएका छन् । आफ्नै पार्टी सुशील कोइराला नेतृत्वको सरकारमा सहभागी भए पनि उनले चुनाव गराउन कोइराला मात्र डराएको आरोप लगाउँदै आफू अहिले प्रधानमन्त्री भएको भए पहिला नै स्थानीय निकायको चुनावको मिति घोषणा गरिसक्ने उद्घोषसमेत गरेका छन् ।

नेता नेपालले उक्त कुरा जनकपुरमा आयोजित एक कार्यक्रममा उद्घोष गरेका हुन् । उक्त सार्वजनिक कार्यक्रममा बोल्दै नेता नेपालले प्रधानमन्त्री कोइरालामा चुनाव गराउने आँट नभएको भन्दै कोइरालाको मात्र विरोध गरेका थिए । अहिले सरकारमा रहेका दलहरू काँग्रेस, एमालेलगायत प्रमुख प्रतिपक्षी दल



एमाओवादीले समेत संविधानसभाको चुनावमा जाँदा जनतासामु ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव सम्पन्न गर्ने प्रतिवद्धता जनाएका र प्रायः सबै दलले आ-आफ्नो चुनावी घोषणापत्रमा ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गर्ने प्रतिवद्धतासहित जनतासँग मत मागेका भन्दै ६ महिनाभित्रैमा स्थानीय निकायको चुनाव हुनुपर्ने बताएका छन् । नेपाली काँग्रेसले समेत आफ्नो चुनावी घोषणापत्रमा ६ महिनाभित्रमा चुनाव गराउने प्रतिवद्धता जनाएकोमा अहिले प्रधानमन्त्री चुनावको लागि किन अग्रसर भएको देखिनुभएको छैन भन्ने प्रश्न गर्दै एमाओवादी लगायतका केही दलहरूले चुनावमा जान नचाहे पनि अविलम्ब चुनावको मिति घोषणा हुनुपर्ने माग गरेका छन् ।

नेता नेपालको भनाइमा संविधानसभाको चुनाव हारेकाहरूलाई स्थानीय निकायको चुनावमा पनि आफ्नो पार्टीको शाख डुब्ने डरले गर्दा उनीहरूले (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# एआईजी बढुवामा ढिलो हुने लङ्गडो तर्क

*करिब चारमहिनादेखि रिक्त रहेको एआईजी पदमा बढुवाको लागि उपप्रधान तथा गृहमन्त्रीको अडान र लोकसेवा आयोगको लिखित् निर्देशनले गर्दा एआईजी पदमा बढुवा हुन सकेको छैन । लोक सेवा आयोगले झन्डै एक वर्ष पहिला नै बढुवाको सामान्य सिद्धान्त अनुसार प्रहरी नियमावली संशोधन गर्न निर्देशन दिएको थियो । अहिले त्यही निर्देशनलाई लिएर गृहमन्त्री वामदेव गौतमले आफूखुसी बढुवा गर्न नपाइने भयो भनेर अहिलेकै प्रहरी नियमावली अनुसार एआईजी पदमा बढुवा गर्न पाउनुपर्दछ भन्ने अडान लिएका छन् । उनको तर्कमा अहिले प्रहरी नियमावली संशोधनतिर लाग्दा ढिलो हुने अडान लिए पनि त्यो अडानभित्र अर्कै रहस्य लुकेको छ । गृहले लोकसेवा आयोगमा अहिलेकै प्रहरी नियमावली अनुसार बढुवा गर्न पाउनुपर्दछ भन्दै बढुवाको लागि स्वीकृति माग्दै आएको भए पनि लोक सेवा आयोगले सर्वोच्च अदालतले दिएको आदेशको उल्लंघन हुने भन्दै जथाभावी गर्ने नियतले अहिलेको प्रहरी नियमावली अनुसार बढुवा हुन नसक्ने भन्दै गृहको आग्रहलाई अस्वीकार गरिदिएको छ ।*

*सर्वोच्च अदालतले करिब दुईवर्ष अगाडि लोकसेवा आयोगको सामान्य सिद्धान्त अनुसार मात्र बढुवा गर्न सरकारका नाममा आदेश दिएको थियो । तत्कालीन गृहमन्त्री विजय गच्छदारले वरियताक्रम मिचेर आफू नजिकका डिआइजीहरुलाई एआइजीमा बढुवा गरेपछि बढुवामा नपरेका डिआईजी दिनकर शमशेर राणा सर्वोच्च अदालतमा पुगेका थिए । राणाको रिट निवेदनमा सर्वोच्च अदालतले लोकसेवा आयोगको सामान्य सिद्धान्त अनुसार मात्र बढुवा गर्नु भन्ने आदेश त्यसैबेला दिएको थियो । सर्वोच्च अदालतले दिएको आदेशले गर्दा गृहमन्त्रीले जथाभावी बढुवा गर्न नसक्ने र वरियताक्रमसमेत मिच्न नपाउने भएकाले गृहमन्त्री वामदेव गौतमले अहिले लोकसेवा आयोगको सामान्य सिद्धान्त भन्दा बाहिर गएर आफूखुसी बढुवा गर्न पाउनु पर्दछ भन्दै लोकसेवा आयोगलाई आग्रह गरिरहेका छन् । गृहमन्त्री गौतमले हालै एक सार्वजनिक कार्यक्रममा हालकै प्रहरी नियमावली अनुसार बढुवा गर्न अनुमति दिन गृहसचिवलाई लोकसेवा आयोगमा आग्रह गर्न लगाइएको र सचिवको आग्रहलाई आयोगले अस्वीकार गरेमा आफूले नै आग्रह गर्ने र आफ्नो आग्रहसमेत अस्वीकार भएमा मन्त्रिपरिषद्बाटै निर्णय गरेर लोकसेवा आयोगलाई लिखित आग्रह गर्ने उद्घोष गरेका थिए । गृहमन्त्री वामदेव गौतमको गृहमन्त्री हुँदाको समयमा उनको छवि स्वच्छ हुन नसकेको र जथाभावी काम गरेको आरोप पहिला पनि लाग्दै आएकोमा अहिले आफूमाथि लागेका आरोपलाई स्वच्छ बनाउनु पर्नेमा सर्वोच्च अदालतको आदेशको उल्लंघन र लोकसेवा आयोगको बढुवासम्बन्धी सामान्य सिद्धान्तभन्दा बाहिर गएर बढुवा गर्न पाउनु पर्दछ भन्नु आफूनिकट ब्यक्तिलाई बढुवा गर्ने खेल र आर्थिक चलखेल बाहेक अन्य केही हुन सक्दैन ।*

*नेपालको अन्तरिम संविधानले सर्वोच्च अदालतलाई संविधानको अन्तिम ब्याख्या गर्ने अधिकार दिएको छ । सर्वोच्च अदालतको आदेश सरकारले पालना गर्नैपर्दछ । सर्वोच्चको आदेश कानुन सरह हुने भएको हुनाले त्यसलाई पालना गराउनु र आफूले पनि गर्नुको बदला गृहमन्त्री किन त्यसलाई अनेक बहानाबाजी गर्दै उल्लंघन गर्ने क्रममा अडिग रहेका छन् ? सर्वोच्च अदालतले लोकसेवा आयोगलाई समेत त्यस्तै आदेश दिएको हुनाले आयोगले अदालतको आदेश विपरित सरकारलाई बढुवा गर्ने स्वीकृति दिन सक्दैन । यदि उसले त्यस्तो स्वीकृति दिएको खण्डमा आयोगले अदालतको आदेश स्वीकार नगरेको र अदालतको मानहानी गरेको ठहरिने भएको हुनाले उसले अदालतको आदेशलाई स्वीकार गर्दै एआईजी बढुवामा पुरानो नियमावली अनुसार बढुवा गर्न कुनै हालतमा पनि स्वीकृति दिन मिल्दैन/सक्दैन ।*

*अदालतले सरकारलाई आदेश दिएको दुई वर्षको समय त्यत्तिकै विताएको र अहिले लोकसेवा आयोगको बढुवासम्बन्धी सामान्य सिद्धान्त अनुसारको काम अघि बढाउनु नै उपयुक्त हुनेछ । अदालतको आदेश अनुसार र आयोगको बढुवासम्बन्धी सामान्य सिद्धान्त अनुसार अघि बढ्दा ढिलो हुन्छ भन्ने तर्क अघि सार्नुभन्दा अदालतको आदेश अनुसारको काम अघि बढाउनु नै उपयुक्त हुनेछ । अदालतको आदेश अनुसार र आयोगको बढुवासम्बन्धी सामान्य सिद्धान्त अनुसार अघि बढ्दा आफूनिकट ब्यक्तिलाई बढुवा गर्न नपाइने भएको हुनाले गृहमन्त्री गौतमले नयाँ प्रक्रिया अनुसारको काम नै अघि बढाएका छैनन् । पुरानै नियमावली अनुसार अघि बढ्ने गृहमन्त्रीको उद्घोषभित्र षड्यन्त्र नै लुकेको र त्यसभित्र आर्थिक चलखेल समेत हुनसक्ने सम्भावना भएको हामीले ठानेका छौं ।*

# प्रधानमन्त्री मात्र स्वच्छ भएर पुग्दैन, मन्त्रीहरु पनि हुनुपर्ने

*देवेन्द्र चुडाल*

पहिलो संविधानसभाले संविधान निर्माण गर्न सकेन । त्यसै कारण संविधान निर्माण गर्नका लागि भनेर संविधानसभाको दोस्रो निर्वाचन भयो । संविधानसभाको निर्वाचन सम्पन्न भएपछि एमाओवादीले चुनावमा धाँधली भएको भन्दै संविधानसभामा नजाने र समानुपातिकतर्फका आफ्ना पार्टीका उम्मेदवारहरूको नामावलीसमेत निर्वाचन आयोगमा नपठाउने अडान लिएपछि नेपाली काँग्रेस, नेकपा एमाले र एमाओवादीबीच चुनावमा भएको धाँधलीका बारेमा छानविन गर्ने सहमतिपछि एमाओवादी दुवै प्रक्रियामा सहभागी भएर अहिले संविधानसभामा पुगेको छ । पहिलो संविधानसभामा उपस्थित भएका दलहरूको हैसियत फेरिएपनि तिनै तत्कालीन ठूला दल भनिएका दलहरूनै दोस्रो संविधानसभामा ठूला दलका रूपमा संविधानसभामा पुगेका छन् । तत्कालीन संविधानसभामा एमाओवादी पहिलो ठूलो पार्टी रहेको थियो भने नेपाली काँग्रेस र नेकपा एमाले दोस्रो र तेस्रो दल रहेकोमा दोस्रो संविधानसभाको चुनावमा नेपाली काँग्रेस पहिलो, एमाले दोस्रो र एमाओवादी तेस्रो ठूलो दल बनेका हुनाले अहिले पनि ठूला दलको हैकम कायम रहेको छ ।

नेपाली काँग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा बनेको काँग्रेस एमालेको संयुक्त सरकारले प्रभावकारी रूपमा काम गर्न नसकेको भन्दै सत्ताधारी दलहरूभित्रै व्यापक आलोचना भएपछि सरकार संचालनका लागि समन्वय समिति गठन गरेर दलहरूले कोइराला नेतृत्वको सरकारलाई नियन्त्रण गर्न खोजिरहेका बेला फेरि पहिला नै आलोचित भएको उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने तीन दलीय निर्णयले सरकारलाई नियन्त्रण गर्ने प्रयास गरिनु लोकतान्त्रिक व्यवस्थामा कुनै हालतमा पनि उचित हुन सक्दैन । सत्ताधारी दलहरूले सरकार संचालन र दुवै पार्टीभित्र उब्जिएको असन्तोषलाई साम्य पार्दै सरकारले गर्ने सबै निर्णयहरू समन्वय समितिबाट पारित गरी त्यसै अनुरूप सरकारलाई निर्देशन दिने उद्देश्यले समन्वय समितिको गठन गरिएको हुनाले लोकतान्त्रिक सरकार पनि भूमिगत गिरोहबाट संचालन हुन बाध्य भएको छ । नेपालको अन्तरिम संविधानले मन्त्रिपरिषद् वा प्रधानमन्त्रीभन्दामाथि अर्को कुनै समितिको परिकल्पना समेत नगरेको र संविधानले नचिनेका र नदेखेको समितिबाट निर्णय गरी त्यसै अनुसार सरकारलाई निर्देशन दिन सक्ने समन्वय समिति गठन गरिनु अन्तरिम संविधानको ठाडो उल्लंघन हो ।

पहिलो संविधानसभामा समेत विवादित मुद्दाहरू मिलाउन भन्दै केही दलहरूमात्र सम्मिलित भएको उच्चस्तरीय राजनीतिक संयन्त्र बनाइएको थियो । उच्चस्तरीय राजनीतिक संयन्त्रका नाममा विभिन्न प्रकारका वैठकहरू बसे पनि त्यस संयन्त्रले कुनै निर्णय गर्न सकेन । लोकतान्त्रिक व्यवस्थामा सबै मुद्दाहरूको छिनोफानो गर्ने अधिकार संसद्लाई मात्र हुन्छ । संसद्बाहिर गरिएका निर्णयहरू संसदले किमार्थ स्वीकार गर्न सक्दैन । सभासद्हरूलाई संसद्बाहिर गएर गरिएका निर्णयहरू स्वीकार गर्न पहिलो संविधानसभामा बाध्य पारिएको थियो । अहिले पनि त्यही पुरानै प्रवृत्ति दोहोर्‍याइने सम्भावना बढेको छ । अहिले संविधानसभामा ३० वटा राजनीतिक दल र दुई जना स्वतन्त्र सभासद् रहेका छन् । सबैभन्दा ठूलो पार्टी भएको नेपाली काँग्रेसले सत्ताको नेतृत्व गरेको र दोस्रो ठूलो दलसमेत सत्तामा सहभागी भएको अवस्थामा तेस्रो ठूलो दल एमाओवादीले प्रमुख प्रतिपक्षीको भूमिकामा रहेको हुनाले उसले अन्य सबै प्रतिपक्षी दलहरूसँग सहमति गरेर त्यसै अनुरूपको व्यवहार देखाउनु पर्नेमा ऊ पनि सत्ताकै लागि मरिमेट्ने प्रयासमा लागेर सत्ताधारी दलहरूसँगै घाँटी जोड्न पुग्नुले उसले प्रमुख प्रतिपक्षीको भूमिका निभाउन सकेको देखिएन । संविधान निर्माण गर्ने प्रमुख जिम्मेवारी पाएका दलहरू सत्ताको लागि जेसुकै र जस्तोसुकै व्यवहार पनि देखाउन सक्छन् भन्ने प्रमाण त पहिलो संविधानसभाले नै देखाइसकेको छ । सत्ताधारी दलहरूले सबै दलहरूलाई समान व्यवहार गर्नुपर्नेमा प्रमुख प्रतिपक्षीबाहेक अन्य दलहरूलाई उनीहरूले वेवास्ता गर्दै सत्ताधारी दुई दल र प्रमुख प्रतिपक्षी दल एमाओवादीको हैकम अन्य दलहरूमाथि लाद्न खोज्नुले एकवर्षभित्रमा संविधान निर्माण हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ ।

संविधानसभाको दोस्रो निर्वाचनमा जाँदा प्राय सबै दलहरूले एक वर्षभित्रमा संविधान निर्माण गरिसक्ने र ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउने प्रतिवद्धता जनतासामु जनाएका थिए । तर त्यसरी प्रतिवद्धता जनाउने दलहरूमध्ये कै एमाओवादी अहिले स्थानीय निकायको चुनावको विपक्षमा उभिएको छ । उसैको भनाइमा अहिलेको पहिलो आवश्यकता भनेको संविधान निर्माण नै भएको हुनाले पहिला संविधान निर्माण गरिनुपर्दछ । नयाँ संविधान निर्माण भएपछि त्यसैअनुरूप स्थानीय निकायको चुनाव हुनुपर्दछ भन्ने अडानमा एमाओवादी रहेको र उसले आफ्नो माग अर्थात् एजेन्डालाई बलियो बनाउन आफ्नै पार्टीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीसँग दुई बुँदे सहमति गरेर स्थानीय निकायको चुनाव रोक्ने कदम चालेको छ । त्यो स्वयम् एमाओवादीको लागि आत्मघाती साबित हुनसक्छ । नेकपा-माओवादीले त संविधानसभाको चुनाव नै बहिष्कार गरेर सर्वपक्षीय सम्मेलनमार्फत् संविधानका अन्तरवस्तुका बारेमा निर्णय गर्नुपर्ने माग गरिरहेको छ । तर एमाओवादीले चुनावमा भाग लिएको र आफ्नो चुनावी घोषणापत्रमा समेत ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउने प्रतिवद्धता जनाइसकेको अवस्थामा उसले अहिले स्थानीय निकायको चुनाव हुनुहुँदैन भन्नु एमाओवादीको नेपाली जनतामाथिको घात हो । आफ्नो घोषणा पत्रमा उल्लेख गरेको विषयलाई आफैँले स्वीकार गर्न नसक्नु उसको राजनीतिक बेइमानी सिवाय अन्य केही हुन सक्दैन । संविधानसभाको दोस्रो निर्वाचनमा नेपाली जनताले उसलाई ठीक साइजमा ल्याइदिएका छन् । आफ्नो नेतृत्वमा दुई-दुई पटक सरकार संचालन गर्दा जनताको पक्षमा सिन्कोसम्म भाँच्न नसक्ने एमाओवादी नेतृत्व अहिले फेरि सरकारकै वरिपरि घुमेर सत्तामै रमाउन खोज्नुले स्थानीय निकायको चुनावमा उसको हार निश्चित जस्तै देखिएको छ । संविधानसभाको दोस्रो निर्वाचनमा जाँदा उसले आफ्नो पार्टी संसद्मा सबैभन्दा ठूलो पार्टी हुने आंकलन गरेर जनतालाई झुक्याउनका लागि मात्र ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव सम्पन्न गराउने प्रतिवद्धता जनाएको थियो । ऊ तेस्रो दलमा खुम्चिन बाध्य भएपछि उसले स्थानीय निकायको चुनाव संविधान निर्माण नभएसम्म हुनुहुँदैन भन्ने तर्कमा कुनै तुक छैन । मानौं एक वर्षभित्रमा संविधान निर्माण भएको खण्डमा पनि संघीयताको मुद्दाले र सिमानाहरूको कारणले दुई-तीन वर्ष स्थानीय निकायको चुनाव हुनसक्ने अवस्था देखिँदैन । स्थानीय निकायको चुनाव नभएको १६ वर्ष भइसकेको छ । अब पनि चुनाव नगर्ने हो भने २० वर्षसम्म स्थानीय निकायको चुनाव नहुँदा स्थानीय निकायहरू भ्रष्टाचारको अखडा बन्ने र विकास निर्माण ठप्प हुने निश्चित छ त्यसैले दलहरूले चुनावी घोषणापत्रमा प्रतिवद्धता जनाएअनुसार ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव हुनै पर्दछ । चुनावी घोषणापत्र भन्दा बाहिर कुनै दल जानै सक्दैन ।

सुशील कोइराला नेतृत्वको सरकारमा रहेका मन्त्रीहरू सामूहिक रूपमा प्रधानमन्त्रीप्रति उत्तरदायी हुन्छन् भने प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुने संवैधानिक व्यवस्था भए पनि अहिले मन्त्रीहरूले आफूखुसी काम गर्न थालेका छन् । हालै एउटा मन्त्रीले आफ्नो मन्त्रालय अन्तर्गत पर्ने एउटा संस्थानमा आफ्नो पार्टीका समर्थकहरूलाई नियुक्ति गर्न दिएको निर्देशन अवज्ञा गरेको भन्दै संस्थान प्रमुखलाई मन्त्रालयमा हाजिर गराएका छन् । जबकि ती संस्थान प्रमुखले २०६८ सालमा रोकिएको आन्तरिक र खुल्लाको नतिजा सार्वजनिक गरेका थिए । उनले नतिजा सार्वजनिक गर्नुअघि सम्बन्धित मन्त्रालयका सचिवलाई समेत जानकारी गराएकोमा सचिवले समेत स्वीकृति दिएकोमा उनलाई मन्त्रालयमा हाजिर गराउनुको पछाडि आर्थिक चलखेल भएको छैन भनेर कसरी पत्याउने । २०६८ सालमा लिएको लिखित परीक्षा रोकिएको भन्दै उम्मेदवारहरूले अख्तियार दूरूपयोग अनुसन्धान आयोगमा निवेदन दिएको र अख्तियारले नतिजा प्रकाशन गर्न तीन-तीन पटक लिखित आदेश दिएपछि २०६८ सालमा लिएको परीक्षाको नतिजा प्रकाशित गर्दा सम्बन्धित मन्त्रीले आफ्ना मान्छेलाई राख्न दबाब दिएको संस्थान सूत्रले दाबी गरेको छ । हालै नियुक्त भएका मन्त्रीले कसरी २०६८ सालमा लिएको परीक्षाको नतिजामा आफ्ना मान्छे राख्न सक्छन् भनेर दबाब दिए त्यो पदको ठाडो दूरूपयोग हो कि होइन ? प्रधानमन्त्री मात्र स्वच्छ र निस्कलंकित भएर मात्र पुग्दैन । उनको मन्त्रिपरिषद्मा रहेका सबै मन्त्रीहरू स्वच्छ र निस्कलंकित भएमात्र प्रधानमन्त्रीको शाख बाँकी रहन्छ । मन्त्री भएको छोटो समयमै आफ्नो मन्त्रालय अन्तर्गतका विभाग कार्यालय र संस्थानहरूमा दबाब दिएर आफ्नो स्वार्थपूर्ति गर्न खोज्ने मन्त्रीहरूलाई सम्बन्धित पार्टीहरूले कारबाहीको दायरामा ल्याउँदै स्वच्छ र निष्पक्ष रूपमा काम अघि बढाउनु पर्दछ । बहुदलीय व्यवस्थामा प्रधानमन्त्री नै मन्त्रिपरिषद् हुन्, यदि प्रधानमन्त्रीसँग राय मिलेन भने त्यस्ता मन्त्रीले राजीनामा दिएर हिँड्नुपर्दछ । मन्त्रीहरू भनेका प्रधानमन्त्रीका सहयोगी मात्र हुन् । लोकतान्त्रिक व्यवस्था भनेको विधि, ऐन, कानुन र संविधानसम्मत ढंगले चल्ने व्यवस्था भएको हुनाले कुनै मन्त्रीले आफूले भनेको मानेन भनेर कसैलाई बर्खास्त गर्ने, मन्त्रालयमा हाजिर गराउने कानुन बाहेक निलम्बन गर्ने अधिकार न त मन्त्रिपरिषद्लाई संविधानले दिएको छ, न त मन्त्रीलाई नै ।

एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेला उसले संविधान ऐन कानुन र विधिभन्दा बाहिर गएर सबै कुरामा हस्तक्षेप गर्दै अघि बढ्ने प्रयास गरेका हुनाले नौ महिनामा नै उनी राजीनामा गर्न बाध्य भए । त्यो नजिर अहिले सबैको सामु जीवितै रहेको अवस्थामा सुशील कोइरालालाई समेत अप्ठ्यारोमा पार्न केही मन्त्रीहरू अहिले संविधान, ऐन कानुनभन्दा बाहिर गएर व्यक्तिगत र पार्टीगत स्वार्थ पूरा गर्न उद्दत रहेका हुनाले त्यस्ता व्यक्तिहरूबाट प्रधानमन्त्री सतर्क हुँदै सम्बन्धी मन्त्रीको आचरण सुधार गर्न प्रधानमन्त्रीले हस्तक्षेपकारी भूमिका खेल्न सकेको खण्डमा मात्र प्रधानमन्त्रीको स्वच्छताको उदाहरण हुनसक्छ । प्रधानमन्त्री मात्र स्वच्छ भएर हुँदैन उनको पुरै टीम नै स्वच्छ भएको खण्डमा मात्र जनताले राम्रो सेवा पाउन सक्छन् । दोस्रो संविधानसभाको चुनावमा प्रायः सबै दलले आफ्नो चुनावी घोषणापत्रमा तोकिएका विषयहरूको राम्रो अध्ययन गरेर त्यसै अनुरूपको व्यवहार देखाउन सक्नुपर्दछ । व्यक्तिगत स्वार्थ र पार्टीगत स्वार्थमा लिप्त भएर आर्थिक चलखेलमा मन्त्रीहरू र पार्टी नेता तथा कार्यकर्ताहरू लागेको खण्डमा त्यसले क्षणिक रूपमा कसैलाई फाइदा पुग्ने भए पनि भोलि त्यसले नराम्रो गरी संकट उत्पन्न गर्न सक्छ भन्ने हेक्का मन्त्रीहरू र दलका नेताहरूमा हुनै पर्दछ ।

पछिल्लो समयमा सरकारका कामकारबाही सुस्त ढंगले चलेका छन् । कोइराला सरकारले पेट्रोलियम पदार्थमा बढाएको मूल्यवृद्धिले गर्दा कोइराला सरकारप्रति जनता आक्रोशित भएका छन् । त्यसैले प्रधानमन्त्री कोइरालाले आफ्ना मन्त्रीहरूले गर्ने गरेका काम कारबाहीका बारेमा नियमित उनीहरूसँग छलफल र परामर्श गर्ने र अनियमित काम गर्न नदिने निर्देशन मन्त्रीहरूलाई दिखएको खण्डमा मन्त्रीहरूले आफूखुसी निर्णय गर्दैनन्/थिएनन् । नियुक्ति, सरूवा, बढुवामा मन्त्रीहरूले हस्तक्षेप गर्ने गरेका हुनाले त्यसमा स्वयम् प्रधानमन्त्रीले हस्तक्षेपकारीको भूमिका खेल्नै पर्दछ ।

*devendrachudal@gmail.com*

# युवा अघि नसरेसम्म देश बन्दैन



राजन कार्की

३२ पार्टी संविधानसभा, संसदमा पुगेका छन्, युवाको आवाज मधुरो, मत्थर छ । बुढाहरूकै जमिन्दारी जारी छ । भावि संविधान लेख्ने मुख्य भूमिकामा युवाहरू देखिदैनन् । किन युवाहरू देश बोक्न सक्दैनन्, जनता बोल्न सक्दैनन्, देश जुरूक जुरूक पार्न सक्दैनन् ? के राजनीतिक दलहरूमा रहेका र संविधानसभामा पुगेका युवाहरूमा दिनदिनै विदेश पलायन भइरहेका युवालहरूकै पलायनवाद हुर्किसकेछ । नेपाल उद्योग वाणिज्य महासंघको निम्तोमा नेपाल आएका मलेसिया निर्माता महाथिर महोम्मदले 'बिजनेश कन्क्लेभ'मा उपस्थित नेता, व्यापारी, योजनाविद, कर्मचारी, समाजशास्त्री, एनजिओकर्मीलगायतका सबैका सामु भनिदिए- प्रजातन्त्र हुँदैमा देश बन्दैन । त्याग गर्न सकुनपर्छ, जिम्मेवारीबोध हुनुपर्छ । जातीय राजनीतिले विकास हुँदैहुन्न । युवाशक्ति देश निर्माणमा निर्णायक शक्ति हो । बिबिध समुदायमा सहमति खोज, द्वन्द्व नगर, देश भत्किन्छ । मिलेर अघि बढ्दा नेपाल मलेसियाभन्दा सम्पन्न बन्नसक्छ । मलेसिया १९५७ मा स्वतन्त्र भएपछि र आदिवासी, चाइनिज र भारतीय मूलका मलेसियावीचको द्वन्द्व सम्हालेर मलेसिया कसरी सम्पन्नतातिर अग्रसर भयो भन्ने जिउँदा मोनमेन्ट हुन् महाथिर महोम्मद । महाथिरले मन्त्रदान दिइरहे, नेपाली नीति र नेतृत्वदायिनीहरू सुनिरहे । असाध्यै राम्रो विचार, खारिएको अनुभव भनिरहे तर त्यो मलेसियन मन्त्र व्यवहारमा उतार्ने कहिलेदेखि ? एक कानले सुनेर अर्को कानले उडाउने पुरानै प्रवृत्ति, मौनता सुरू भइसक्यो ।

पाकिस्तानकी मलाला युसुफ आज विश्व युवा जागरणकी प्रतीक बनेकी छिन् । आतंककारीले मार्न खोजे पनि बाँच्न सफल भएकी मलाला युसुफसँग सीएनएनले अन्तर्वार्ता लिनेक्रममा सोध्यो- मलाला, तिमीलाई डाक्टर बन्न मन लागेन ? मलालाको जवाफ थियो- मेरो सिङ्गो देश पाकिस्तान बिरामी छ । डाक्टर बनेर म केही बिरामीको मात्र उपचार गर्नसक्छु । म देशमा विद्यमान धेरैथरि बिमारीको उपचार गर्न चाहन्छु । त्यसैले म डाक्टर होइन, पाकिस्तानको प्रधानमन्त्री बन्न चाहन्छु । प्रधानमन्त्री बन्न सफल भएँ भने डाक्टरहरूलाई सेवा गर्ने वातावरण र बालबालिकालाई सक्षम देशभक्त बन्न प्रेरणा दिनसक्छु । राष्ट्रिय बजेटलाई शिक्षा, स्वास्थ्य, विकासमा लगाउन र देशमा राम्रो काम गर्न सकिन्छ भनेर देखाउन पनि राजनीति अत्यन्त राम्रो क्षेत्र हो ।

नेपाली युवाहरू दिनदिनै हजारौंको संख्यामा 'गरी खान' खाडी मुलुकहरू हान्निरहेका छन् । झण्डै ६० लाख युवायुवती विदेशिएका छन् र यो संख्या दिनदिनै बढ्दै गएको छ । विद्यार्थी, बुद्धिजीवी, प्राविधिज्ञहरू समेत नेपालमा भविष्य छैन भनिरहेका छन्, ब्रेन ड्रेन भइरहेको छ । कतारमा काम गर्न पुगेका युवाहरूबारे एमनेष्टीले रिपोर्ट दियो- नेपाली श्रमिकहरूलाई कतारमा दासजस्तो व्यवहार गरिन्छ । इरानदेखि इजरायलसम्म पुगेका महिलाहरूको यौन र श्रम शोषण बढ्दै गएको छ । मलेसियादेखि अफ्रिकासम्म पुगेका नेपालीहरू दिनभरको प्रचण्ड घाममा काम गर्छन र राति सुतेकाहरू बिहान ओछ्यानमै मरिरहेका भेटिन्छन् । प्रत्येक दिन त्रिभुवन विमान स्थलमा उत्रने खाडी मुलुकका जहाजमा शव आइरहेका छन् । रेमिटान्स आएको देख्ने सरकार काम खोज्दै विदेश पुगेका युवाहरू किन मरिरहेका छन्, वास्ता गर्दैन । कतिले भनेको काम पाउँदैनन्, काम पाए पारिश्रमिक पाउँदैनन् । पाषाण युगको शोषण, अन्याय भोगिरहेका छन् नेपालीहरू विदेशमा । कति बिनाफ्वाँकमा जेलमा कोचिएका पनि छन् । विदेशस्थित नेपाली दूतावासहरू रोजगारी खोज्दै गएका युवाहरूको शोषण गर्ने थलो बनेको छ । न्याय माग्न जाँदा बेवास्ता गरिन्छ । दूतावास अथवा श्रम प्रतिनिधिले स्थानीय अभिभावकत्व दिन सकेको स्थिति छैन । देशमा निर्वाचित सुशील सरकार बनेको छ, सार्वभौम संसद, संविधानसभा छ । ती विदेशीने युवाहरूलाई रोक्ने र विदेशीएका युवाहरूको संरक्षण कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा जनप्रतिनिधिहरूको चासो छैन । संविधानसभा, संसदमा पुगेका युवालेसमेत युवा बर्गको आवाज बोक्न, बोल्न लजाउँछन् भने यिनले कसरी देशको प्रतिनिधित्व गर्छन् भनेर विश्वास गर्ने ?

सरकारले दूधको, पानीको भाउबृद्धि गर्‍यो । युवा बोलेनन् । त्यसपछि पेट्रोलियमको मूल्य बढायो । राजनीतिक पार्टीका भातृ संगठनहरूलाई राजनीतिक गोटी बनाइयो र १८ विद्यार्थी संगठनले सडक जाम गरिदिए । सत्तारूढ कांग्रेस, एमालेका भातृ संगठन नेवि संघ र अनेरास्ववियु पार्टीको आदेशमा पछि हटे पनि विपक्षी दलका विद्यार्थी भातृ संगठन सडकमा उभिएकाले सरकारले पेट्रोलियम पदार्थको भाउ केही घटायो, आन्दोलन सिद्धियो । बालबनिता, बृद्ध बिरामीले पिउने दूध र पानीको भाउ बृद्धिबारे युवाहरू बोलेनन् । सडक र संसद कतै बोलेनन् । यस्ता युवा जमात स्वदेशमा राजनीतिक र विदेशमा श्रमिक मलमात्र हुन् जस्तो देखियो । यो परिदृश्यले यक्ष प्रश्न जन्माएको छ- होनहार युवा, तिमी मल हुने कि मलाला भिजन लिने ?

यो प्रश्न स्वाधीनताको, नेपाली पहिचान र अस्तित्वको प्रश्न हो । जब युवा आफ्नै दृष्टिमा कमजोर हुन्छ, आफैसँग पराजीत हुन्छ, युवाशक्तिको ओजन र ताकतहीन भएको अनुभव गर्छ, त्यस्ता युवाले देशको प्रतिनिधित्व गर्न सक्दैनन् । जो मानसिक रूपमा पराजीत छन्, न्यायको आवाज उठाउन सक्दैनन्, त्यस्ता युवा उर्जा होइन, मलमात्र हुने गर्छन् । देशलाई मल होइन, मलाला भिजन चाहिएको छ । लामो संक्रमण चिर्न, नेपालीत्व चिनाउन र नेपाल बनाउन मलालाको जस्तो आत्मबलयुक्त युवा नेपालको वर्तमान खाँचो हो । त्यसैले समयले नेपाली युवाहरूलाई थाङ्ने, माँग्ने र भागशान्ति जय नेपाल गर्ने राजनीतिबाट माथि उठ्न र जनताको सही आवाज बनेर अगाडि आउन आग्रह गरिरहेको छ । यो समयको आहट युवाहरूले सुन्नुपर्छ । समय मै सुन्नुपर्छ, अबेर गर्नुहुन्न ।

चैत ६ गतेको अन्तर्वार्तामा माधव नेपालले भनेका छन्- म रिटायर्ड हुन तैयार छु । ०३६ सालपछिको पुस्ताले एमालेको नेतृत्व गर्नुपर्छ । सबै पार्टीले युवालाई बिर्सदै गएको समयमा माधव नेपालले केपीलाई पछार्नकै अभिष्ट राखेर बोलेको भए पनि युवाको पक्षमा त उभिए । एमालेमा २० थान जनबर्गीय संगठनहरू छन् र युवाहरू प्रशस्तै क्रियाशील रहेका छन् । तर एमालेको नेतृत्वमा कुनै सम्भाबना बोकेको युवा देखिन्न । ०४६ सालपछि निरन्तर प्रजातान्त्रिक अभ्यास गरिरहेको कम्युनिष्ट नामधारी पार्टी हो एमाले । तर ०४६ सालपछि कतिजना युवालाई नेतृत्वका लागि तैयार गर्‍यो एमालेले ? नाक खुम्च्याउनु पर्ने स्थिति छ । यस्तै भद्दा दृश्य देखिन्छ कांग्रेसमा, एमाओवादीमा । कांग्रेसका सुशीलपछि मैले नेतृत्व गर्नुपर्छ भनेर देउवा र रामचन्द्र खुट्टा तानिरहेका छन् । उनीहरू कुनै युवाको पक्षमा उभिएका देखिदैनन् । एमाओवादीमा प्रचण्ड २२ वर्षपछि पनि आफ्नै नेतृत्व निरन्तर जारी हुनुपर्छ भनेर बाबुराम र नारायणकाजीसँग लाप्पा खेलिरहेका छन् । राप्रपा, राप्रपा नेपाल अथवा राष्ट्रिय जनमोर्चा, नेमकिपा, मधेसवादी कुनै पनि दलभित्र युवा पुस्तालाई नेतृत्व दिने तैयारी भएको देखिन्न । आश्चर्य त के छ भने कुनै पनि दलका युवाहरू पितृ बुढा नेताका झोला बोक्न र चाकरी गर्न तैयार छन्, नेतृत्व हामीलाई देउ भन्न सक्दैनन् । जिब्रो तालुमा टाँसेर बस्ने यस्ता युवा मल हुन्, मलाला होइनन् ?

प्रष्ट छ, ०६५ सालमै प्रचण्ड फेल भए, प्रधानमन्त्री र परराष्ट्रमन्त्री बनेका बाबुराम र नारायणकाजी असफल भइसकेका हुन् । कांग्रेसका सभापति सुशील परीक्षामा भए पनि देउवा र रामचन्द्रसँग जनताले आशा गरेकै छैनन् । एमालेका झलनाथ, माधव, केपी र वामदेव कुनै सफल र विश्वासयुक्त राष्ट्रिय नेतृत्व बन्न सकेनन् । अन्य दलहरूभित्र पनि बुढोपुस्ता खिया लागेको फलामजस्ता मात्र देखिन्छन् । देश निर्माणका लागि इस्पातको धारजस्तो युवापुस्ता चाहिन्छ । युवापुस्ता स्वदेशमा बुढाको पिछलग्गु र विदेशमा श्रमिक बनेर जीवन धानिरहेका छन् । देश धान्ने र धनाढ्ये पार्ने युवाले हो, युवाहरू त्यस मार्गमा पटक्कै प्रेरित देखिदैनन् । राजनीतिमा यही थोत्रे थाङ्ने राजनीति कायम रहने हो भने एकवर्षमा संविधान बनाउनेहरूको प्रतिवद्धता ४ वर्षमा पनि पूरा हुनसक्ने छैन । यस्ता अविश्वासहरू सतहमै प्रकट हुन थालिसकेका छन् ।

यही समय हो, जुनसुकै पार्टीका हुन् वा आम समुदायका, युवा नेतृत्व अगाडि आउनु पर्‍यो । नेपाली युवा परिवर्तनका परिचायक थिए, हुन् र रहनेछन् भन्ने मात्र होइन, युवा देशको रथ हाँक्ने सामर्थ पनि राख्छ भनेर प्रमाणित गर्नुपर्‍यो । नेपाली युवा मल होइन, मलालाजस्तै देशमा विद्यमान सम्पूर्ण रोगको जरो सत्ता हो र सत्तामा विद्यमान प्रदूषणको निर्मलीकरण गर्दै सत्ता हाँक्न तैयार भएर निस्कनु पर्‍यो । युवा, तिमी मल कि मलाला ? भन्ने प्रश्नको सटिक जवाफ दिनुपर्छ ।

---

# राज्यसत्ता बिटुलियो

*अनिल योगी*

मैले यो देशका धेरै बिद्धानहरूका बिचार पढे र उनीहरूका बिचार पनि सुने । बैज्ञानिक बिचारका आधारमा देश चलाउछौं भन्नेहरूको हुति र बुद्धि नजिक बाट अध्यन गर्ने मौका पनि मलाई यही देशमा मिल्यो । देशलाई आत्म निर्णय सहितको जातीय र क्षेत्रीय संघियतामा लैजादा राष्ट्र र नेपाली जनताको प्रगति हुन्छ भन्ने हरूका ऋकस आवाज पनि कानै दुख्ने गरी मैले यही देश भित्र सुन्न पर्‍यो । सबै बिद्याका बिद्धानहरूका बिचार सुनेर म छक्क परेको छु । यो देशका ठालुहरूको बुद्धि र बिचार गतिलो भएको भए देश आज प्रगतिको मार्गमा उन्मुख भैसक्ने थियो । आम जनताले पढने पत्रिकाका पानामा राष्ट्र र नेपाली जनतालाई कमजोर बनाउने मनसायका बिचारहरू किन छापिन्छन ? कसरी छापिन्छन ? एउटा जीवित राष्ट्रका लागि यो गम्भिर बिषय हो । दलीय पत्रकारिताले गर्दा नेपाली समाजले कुन बिचार सही र कुन बिचार गलत भन्ने कुरा जान्न र बुझ्न सकिरहेको छैन ।

कुनै पनि जात,भाषा र संप्रादयको युवा बिध्यार्थी सुन्दर सपना बाकेर राजधानीमा उच्च शिक्षा पढन आएको हुन्छ । त्यो युवाको सपरिवार गाउँमा मेरो छोरो राजधानीमा पढदैछ भनेर छाति फुलाएर बसेका हुन्छन । छोरोले राजधानीमा इमान्दारी पुर्वक पढनुको सट्टा कुनै राजनीतिक पार्टीको भरिया भएर जिवन बर्वाद गरि रहेको हुन्छ । यो कुरा गाउँमा बस्ने बिध्यार्थीका अविभावकले चाल पाउन सक्दैनन् । आमा गाउँमा गोइठा र दाउरामा धुवाँ पुत्ताउँदै खाना पकाउने, शहरमा पढन बसेको छोरो गाडी चढनेहरूलाई नभै नहुने पेट्रोलको मुल्यबृद्धि भयो भनेर आन्दोलन चलाउने र जनताको सार्वजनिक सम्पतिमा आगो झोस्ने । के शिक्षा पायो होला त्यो युवा बिध्यार्थीले ? त्यो युवाको आफनो जिवन र राष्ट्रको भबिश्य बर्वाद बनाउने दलका नेताहरू सँग त्यस्तो के नाता होला ? त्यो युवाले आउने पुष्तालाई कस्तो शिक्षा देला ? हावामा जिवन गुजारा गर्नु र सचेत भएर समाजमा बाँच्नुमा आकास पातालको फरक हुन्छ भन्ने कुरा त्यो युवाले बुझ्नै सक्दैन । अधिकाश मानीसहरू हावा खान्छन,हावामा बाँच्छन, हावामा हिड्छन र तिनीहरूको जिवन हावामा धुलो उडे जसरी एक दिन उड्छ । खेल समाप्त । नेपाली युवाहरूको जिवन त्यस्तै छ । दुनियाँ आउछ जान्छ । कोही फरक मान्छे एकजुगमा एक पटक आउछन । जस्तो पृथ्वी नारायाण शाह र बुद्ध जस्ता । त्यस्ता मानीसहरू फेरी यस्तो घिनलाग्दो समाजमा फर्किदैनन् ।

कुनै पनि कामको कुरा अगाडी सार्दा अहिलेका युवाहरूले पहिला पैसाको कुरा निकाल्छन र पैसा बिना कुनै पनि काम हुन सक्दैन भन्ने चिन्तनले तीनिहरूको दिमाख प्रदुषित भएको छ । युवाहरू भित्र लुकेर बसेको त्यो प्रबृति खर्तनाख भ्रष्टचारीको भन्दा फरक छैन । युवाको बाहिरी रूप जस्तो भए पनि भित्री रूपमा एकाध बाहेक सबैको उदेश्य चोरी गरेर ठगेर जिवन गुजारा गर्नु मात्र हो भन्ने देखिन्छ । चोरी पैसाको मात्र हुँदैन, बिचारको पनि हुन्छ । युवाहरू सँग कसैको असल बिचार अध्यन गर्ने र चोर्ने क्षेमता छैन । त्यो प्रबृतिका युवालाई पहिला बिचार बन्यो कि,पैसा भनेर सोध्यो भने बिचार बन्यो भन्दिन सक्छन । तर बिचार पैसा जस्तो मासिने र नासिने सम्पति होइन भनेर मान्न सक्दैनन् ।

मेरो युवा अवस्थामा मलाई सही बाटो देखाउने कोही थिएन । मैले आफनै बुतामा सघर्ष गरेर आम मान्छे भन्दा आफुलाई फरक देखाउने कोसिस गरे । मन भित्रै देखि तिम्रो लागि के सहयोग गर्नुपर्छ भन्ने मान्छे आजका मिति सम्म भेटाएको छैन । अव त आस पनि लाग्न छाड्यो । कुनै समयमा मलाई माथि उक्लीन को सिढी बनि देला जस्तो लाग्थ्यो । त्यो सोचाही मेरो कमजोर मनको भ्रम मात्र थियो । अर्को तितो सत्य यो पनि हो । कमजोरलाई कसैले पनि माथि उठाउन चाहँदैन । जस प्रति मैले आसा र भरोषा गरेको हुन्थे त्यो नै मेरो काँधमा चढेर माथि उक्लीन चाहन्थ्यो । २० बर्षको उमेरमा कुन सही र के गलत हो भनेर बल्ल कुरा बुझ्ने भएको थिए । सत्य कुरा जान्न र बुझ्न मलाई अरू थप २५ बर्ष लाग्यो । यो ४५ बर्षको उमेरमा पनि मैले राष्ट्र र समाजका लागि उपलब्दी मुलक काम गर्न सकिन । शरिरको एउटा अङ्गमा सानो घाउ आएको बाहना मात्र हो । डाक्टरले मेरो आधा खुट्टानै काटेर फाल्नु पर्छ भन्यो । उस्ले मेरो खुट्टा नापेर यति काटम है भन्दा मैले सहज रूपमा हुन्छ भन्थे । मलाई थाह छैन मेरो कुराले त्यो डाक्टर आत्तिदो रहेछ । उस्ले यो कुरा मलाई पछि भन्यो । आधा शरिर बोकेर भए पनि म सत्यको पक्षमा राष्ट्र र जनताको पक्षमा लागि रहेकै छु । यो देशका युवा भाईबहिनीहरूका लागि बैसागी टेकेर भए पनि माथि उक्लीने भर्‍याङ्ग बनिदिन्छु भन्ने बिचार अझै मरेको छैन । दुखका साथ भन्नुपर्छ मेरो अवस्था पनि कमजोर छ । नेपाली युवायुवतीहरूको अज्ञानताको पर्दा पनि हटन सकेको छैन । राष्ट्र कमजोर हुँदै गर्दा आफु भित्रका कमजोरीका बिषय पनि सम्झीन्छु मन सारै दुखी हुन्छ ।

पुर्खाहरूले लडेर निर्माण गरेको यो राष्ट्र नेपाली जनताको उत्थानका लागि हो कि दलका उमेर र बिचारमा समेत खिया लागेका बृद्ध नेताहरूलाई सुखको जिवन बाँच्ने धरमशाला हो ? मैले आज सम्म बुझ्न सकेको छैन । नेपाली जनताका लागि लोकतन्त्र कहिले आउछ ? निमुखा जनताले न्याय पाउन पर्दैन ? निमुखा नेपाली युवाहरूले आफनो जिवन खोज्न मरूभुमिमा जानुपर्ने, नेताहरू र तिनका सन्तानले यही देशमा मोज गर्ने यो कुन ब्यवस्था हो ? यो ब्यवस्थाको असली नाम के हो ? मैले मेरो बिचारलाई यो पत्रिका मार्फत राखि रहँदा म प्रजाततन्त्रलाई उपयोग गरि रहेको छु । तर मेरो यो उपयोगिता मेरा लागि मात्र हुनु भनेको प्रजातन्त्र होइन । केही मित्रहरू कमाण्डर पोष्टमा प्रकाशित भएका आर्टीकलहरू अध्यन गरेर मलाई प्रजातन्त्र बिरोधी राजाबादी हो भन्दा रहेछन । मलाई कस्ले के भन्छन त्यो मेरा लागी महत्वहीन र अर्थहीन कुरा हो । देश र जनताका पक्षमा काम गर्नु प्रजातन्त्र बिरोधी कर्म हुन सक्दैन भन्ने कुरा मैले राम्रो सँग बुझेको छु ।

मेरो बिचारमा असहमत हुने मित्रहरू सँग मेरो मत नमिल्नु म अनौठो मान्दिन किनकी ति मित्रहरू कुनै पनि बाद र बिचारमा आफु प्रतिबद्ध छैनन् । नेपालमा पुँजीवादी परिवर्तन ल्याउन आफुले भूमिका खेलेको डिङ्ग हाँक्ने मित्रहरू कुनै समयमा यथार्थ के रहेछ भनेर बुझ्ने छन । पठित अपठित सबैको मुखमा राजाहरू सामन्तवादका नाइके हुन भन्ने थेगो अहिले पनि प्रयोगमा ल्याउँदै छन । मित्रहरूले दलका नेताहरूका प्रबृति भित्र र स्वयम आफु भित्र लुकेर बसेको सामन्तवादी चिन्तनलाई देख्न र बुझ्न सक्दैनन् । भूमि सुधार लागु गरेर जमिन्दारी प्रथा अन्त्य गर्ने राजा महेन्द्र भन्दा आफुलाई फरक देखाउन नसक्नेहरूले म जस्तो बुरोलाई प्रजातन्त्र बिरोधी राजावादीको बिल्ला लगाई थिच्नुमा कस्तो बाहादुरी हो त्यो म जान्दिन । जोताहा मोहीयानी हक कायम गराएर जमिनमा पुँजीवादी अधिकार कायम गराउने राजा महेन्द्र । परिवार नियोजनको थालनी गरेर सामन्तवादी पारिवारिक संरचनाको अन्त्य गर्ने राजा महेन्द्र । गएगुर्जेको शिक्षा प्रणालीलाई खारेज गरेर नयाँ शिक्षा प्रणालीलाई पूँजीवादी कुरण गर्ने राजा महेन्द्र । मुलुकी ऐन लागु गरेर जमिन्दार,मुखिया, जिम्मुवालहरूको शासनलाई कानुनको दायरामा ल्याउने राजा महेन्द्र । तिनै राजा महेन्द्रले गरेका बिकासका पुर्वाधारहरू भत्काउने र उध्योग धन्दाहरू बेचेर खानेहरू राजा महेन्द्र भन्दा सुधारवादी र उदारवादी हुन सक्दैनन् भनेर मेरा मित्रहरू बुझ्न सक्दैनन् ।

साठी बर्ष सम्म नेपाली काग्रेसले

(बाँकी ६ पेजमा)

# India's democratic facade

**Jamil**

Hundreds of people protested in Indian-held Kashmir over the expulsion of dozens of Kashmiri college students because they cheered Pakistan cricket team's victory over Indian cricket team in Asia Cup match. Police detained at least a dozen activists of pro-independence Jammu-Kashmir Liberation Front including its leader Yasin Malik, to prevent the activists from marching to the city center in Srinagar. "Go India, go back!" read placards carried by several students who marched separately in the Kashmir university campus and medical college in Srinagar. The 66 expelled Kashmiri students have been studying in a university in Meerut, and they were booked for treason. However, the charge of treason was dropped after widespread outrage in Kashmir, which is indeed a disputed territory and United Nations Security Council resolution has bestowed upon Kashmiris the right to decide about their future through a plebiscite. In this backdrop, Kashmir is not part of India and Kashmiris are not Indians; hence they cannot be tried for treason in any case.

It is true that cricket match between Indian and Pakistani teams stirs emotions in both the countries, but the intolerance shown by the Indian state is condemnable. The question is that how many Kashmiris would it charge when the street in the valley bursts out in rejoicing at every Pakistani win against India in any sport event? And how many Kashmiris would they penalise on the sedition charge when every year Kashmiris observe India's national republic day on January 26as black day? On the occasion, black flags fly on rooftops of homes and shops throughout the valley. And the day's official ceremonies are held in a massively fortified stadium in Srinagar, with an extremely selected audience in attendance. All roads and alleys to the venue are closed down to the public, while helicopters keep flying over it for surveillance until the ceremonies end. Also, days ahead of the republic day, prominent Kashmiri leaders are put under house arrest or incarcerated on trumped-up charges. Despite all these measures, the anti-India sentiment has never been in short display.

With its use of brutal massive military force in the occupied Kashmir India may have driven out the freedom sentiment from the street, but manifestly it lives in Kashmiri hearts still animatedly. The trigger-happy Indian soldiers in the past years inflicted so much of brutality on the risen Kashmiris to subdue and crush their popular uprising for freedom that not a single Kashmiri home is left without family tragedy. Way back, even the scion of ruling family of the erstwhile princely state of Jammu and Kashmir, Karan Singh cried out after a visit to the valley stating "graveyards stood where once were lovely gardens. It was his father Hari Singh who was coerced into signing the accession document to India against the will of his subjects. Yet so widespread has been the human grief inflicted on the Kashmiris by Indian occupation military that Karan Singh couldn't hold his tears back. Despite all the Indian military's barbarity, the freedom sentiment of the occupied Kashmiris persists and stays undiminished.

By every reckoning, the Kashmiris' alienation is now irreversible. When their popular uprising was at its peak in the 1990s, India had indeed deployed over 700,000 soldiers to put it down. Even in the face of this large military force, the Kashmiris didn't cave in. To every inhuman method the occupation army had to resort to crush their popular movement, yet their dream of freedom lives on. Although the movement slowed down after 9/11 events when struggle for the right of self-determination, even acknowledged by the United Nations Security Council 65 years ago, was considered as terrorism. Nevertheless, the freedom sentiment remains pulsating in the Kashmiri hearts as vibrantly as in the yore years. After all, it is not without reason that India still maintains some more than 600,000-strong occupation army to keep the Kashmiris in its stranglehold. But that palpably is not working, and people of Kashmir continue their struggle and are laying down their lives to get rid of the Indian yoke. Of course, Kashmiris have suffered the death and destruction and passing through the ordeal unparalleled in the world, but India's treatment to other minorities is also despicable.

Human Watch reports often point out about the violence against 150 million former untouchables and millions belonging to other minorities. Human rights organizations regularly publish reports about atrocities committed on Christians, Muslims and Dalits. Kashmiris are, however, the worst sufferers on earth, perhaps only second to Palestinians. In June 1984, Indian army had attacked the Golden Temple with tanks and armored cars killing more than 2000 Sikhs though government count was 492. In another episode, with more killings and subsequent flight of nearly 400 Christians who walked over 300 km through mountains and forests to reach the Young men's Christian Association camp in Bhubaneswar to take refuge speaks volumes about the plight of Christians in Hindu-dominated India's eastern state of Orissa. Despite condemnation of violence by Pope Benedict and Italian government's reaction, Christians were being forced to change their religion in Orissa. Muslims are also being forced by Hindu extremists to convert to Hindu religion.

In many provinces, there is disaffection because of policies of the Indian government, and when pushed against the wall they resort to acts of terrorism, but India has been blaming Pakistan for every act of terrorism. In 2009, Prime Minister Manmohan Singh had acknowledged that home grown groups were now carrying out bombing in India. Last year, the facts narrated in Shinde's statement about RSS-BJP nexus in promoting Hindu Terrorism was confirmed by India's Minister for External affairs Salman Khurshid. He backed home minister Sushilkumar Shinde's statement on Hindu terrorism saying it was based entirely on facts made available by investigative agencies. He, however, added that terror has no religion and color. "Let me just say this to you very clearly that our stated position, that is shared fully by the home minister and past home minister, is based entirely on facts as the investigative agencies have made available to the government," Khurshid told reporters here.



# विद्यार्थी संगठनका मुद्दा

*रामचन्द्र अधिकारी*

व्यवसायका लागि दक्ष कामदारको अभाव नेपालमा मात्रै होइन, विश्वभरकै समस्या हो । शिक्षामा सुधार नगर्ने हो भने आगामी दिनमा दक्ष कामदारको अभाव थप जटिल बन्नेछ । नेपालमा मात्रै होइन, प्रमाणपत्रधारी बेरोजगार अमेरिकामा पनि प्रशस्त छन् । त्यसको मुख्य समस्या भनेको शैक्षिक संस्थाररोजगारदाताबीचको समन्वय नहुनु हो । विद्यार्थी आन्दोलनमा होमिएका हामी क्रान्तिकारीले मुलुकको आवश्यकतार त्यसका लागि आवश्यक जनशक्तिबारे ध्यान दिन ढिलाइ गर्न हुँदैन । विगतमाराजनीतिक आन्दोलनमा सहभागी हुनु नै विद्यार्थी आन्दोलनको प्रमुख कार्यभार बन्दै आएको थियो । अब त्यतिले पुग्दैन । त्यसका लागि सबैभन्दा पहिले हाम्रा विद्यार्थीको वर्गीकरण गर्नु आवश्यक छ । विद्यार्थीको वर्गीकरण गरेपछि उनीहरूका मुद्दा सम्बोधन गर्न सकिन्छ । आमाबाबुले विदेशमा पसिना बगाएर कमाएको पैसा आफ्नो शिक्षामा खर्च गर्ने विद्यार्थी, बिहान बेलुका कुटो कोदालो, घाँस दाउरा गर्दै पढ्ने विद्यार्थी, सहरमा आमाबाबुको श्रमबाट आर्जेको पैसाबाट अध्ययन गरिरहेका विद्यार्थीर सहरका धनाढ्य बाबुआमाको पैसामा पढ्ने विद्यार्थीका माग पनि सम्बोधन गर्न सक्ने योजना हामीले बनाउनुपर्छ ।

आफ्नो घरमा बसेर पढ्ने विद्यार्थीर डेरामा बसेर पढने विद्यार्थीका मुद्दा फरक हुन सक्छन् । डेरामा बसेर पढ्ने विद्यार्थीका लागि डेराभाडा सस्तो सुलभ गराउनुपर्ने एजेन्डा हुन सक्छ । छात्रावासमा बसेर पढनेहरूका आफ्नै समस्या छन् । विद्यार्थीको वर्गीकरण गरेपछि उनीहरूका आवश्यकता, चाहनार भावनालाई समेट्ने एजेन्डा हामीले बनाउनुपर्छ । ब्रेन ड्रेनको समस्यालाई घटाउने योजना पनि हामीले बनाउनु पर्नेछ । दक्ष जनशक्ति विदेश पलायनरोक्न नसकेसम्म मुलुकले विकासको फड्को मार्न सक्दैन, उनीहरूलाई स्वदेशमै काम गर्ने वातावरण बनाउनराज्यलाई दबाब दिनु पनि विद्यार्थीको कर्तव्यर दायित्व दुवै बन्दै गएको छ ।

शिक्षाको उज्यालो घामबाट कोही पनि वञ्चित हुनु नपरोस् भन्ने नारा पञ्चायतमा पनि थियो । त्यो नारा बोकेर अब पुग्दैन । अब तरोजगारीसहितको शिक्षा अहिलेको आवश्यकता बन्न पुगेको छ । बेरोजगार उत्पादन गर्ने विश्वविद्यालयलाई दक्ष जनशक्ति उत्पादन गर्ने दिशामा अग्रसर गराउनुपर्छ । कामको मागअनुसार युवालाई दक्ष बनाउनु अहिलेको आवश्यकता बन्न गएको छ । नेपालमा कुनै पनि शैक्षिक संस्थालेरोजगारदातासँगको परामर्शका आधारमा शैक्षिक कार्यक्रम बनाउने गरेका छैनन् । संघीय ढाँचामा जान लागेको मुलुकले आफ्नो प्रदेशमा उपलब्ध स्रोत–साधन परिचालन गरी प्रदेशलाई समृद्ध बनाउन सक्ने दक्ष जनशक्ति उत्पादनतिर पटक्कै ध्यान दिएको पाइँदैन । मुलुकको आवश्यकताअनुसारको शिक्षा दिने नीति अवलम्बन गर्नु अहिलेको नेपालको प्राथमिक मुद्दा हो । यो विषयलाई न अभिभावक, नराजनीतिक दल, न विद्यार्थी संगठन, न विश्वविद्यालयर सरकारी निकायले नै ध्यान दिएका छन् ।

शैक्षिक बेरोजगारी दर घटाउनका लागिरोजगारदातार शैक्षिक संस्थाबीच समन्वय हुन जरूरी हुन्छ । नेपालको सन्दर्भमा त्रिभुवन विश्वविद्यालयबाट प्रमाणपत्र धारण गरेकार प्राविधिक शिक्षालयबाट प्रमाणपत्र धारण गरेका बीचको अन्तर हेर्ने हो भने प्राविधिक शिक्षालयबाट प्रमाणपत्र धारण गर्नेहरू बढीरोजगारीमा छन् ।रोजगारदाताको आवश्यकताअनुसार शैक्षिक संस्थाले जनशक्ति उत्पादन गर्नुपर्छ । शैक्षिक संस्थाले मात्रै होइन,रोजगारदाताले आफूलाई आवश्यक जनशक्ति उत्पादनका लागि विशेष पहल गर्नुपर्छ ।रोजगारदाताले पनि आफ्नो आवश्यकताअनुसारका पाठ्यक्रम बनाउन सक्छन् ।

ब्राजिलमा सरकारी निकाय, व्यावसायिक संस्थार श्रम संगठनको समन्वयमा स्थापित कम्पनी प्रोमिन्पर सरकारी ऊर्जा कम्पनी पेट्रोबासको उदाहरण नेपालका लागि पनि सान्दर्भिक हुन सक्छ । प्रेट्रोबासर प्रोमिन्पले सिपयार्ड वेल्डिङ, पाइप फिटिङर पेट्रोलियम इन्जिनियरिङलगायत विशिष्टीकृत क्षेत्रमा आफूलाई चाहिने कामदार छनोट गर्छन् । त्यसपछि प्रोमिन्पले उपयुक्त शैक्षिक संस्था छनोट गर्छ । उनीहरूसँग मिलेर आफूलाई आवश्यक जनशक्ति उत्पादन गर्न पाठ्यक्रम निर्माण गर्छन् । यसरी वार्षिक ३० हजारलेरोजगारीमूलक तालिम प्रदान गर्छन् । यसका लागि लाग्ने ९० प्रतिशत खर्च पेट्रोबासले बेहोर्छ भने बाँकी खर्च सरकारले बेहोर्छ । त्यसरी तालिम लिएकालाई पेट्रोबासलेरोजगारी दिन्छ ।

नेपालको चाउचाउ दक्षिण एसियाका अन्य मुलुकमा पनि निर्यात हुन्छ । चाउचाउ उत्पादन, वितरणर बजार व्यवस्थापन गर्न आवश्यक जनशक्ति सम्बन्धित कम्पनीर शैक्षिक संस्थाबीचको परामर्शमा तयार गर्न सकिन्छ । पशुपालन, कृषि फर्म, पूर्वाधार निर्माणका लागि चाहिने जनशक्तिको प्रक्षेपण गरी सोअनुसार शिक्षा दिने व्यवस्था गरिनु लाभदायक हुन्छ । त्यसलेरोजगारदातार शैक्षिक संस्थाले लाभ हासिल गर्न सक्छन् ।

आफूले पढेको विषयलाई विद्यार्थीहरूले स्वामित्वबोध गर्न सक्नुपर्छ । त्यसो भए शैक्षिक संस्था बेरोजगार उत्पादन गर्ने कारखाना बन्दैनन्, स्वाभिमानी नागरिक उत्पादन गर्ने संस्था बन्छन् । व्यक्तिलाई आत्मनिर्भर बनाउँदै लैजान सकियो भने मात्रैराष्ट्रलाई आत्मनिर्भर, स्वतन्त्रर स्वाभिमानी बनाउन सकिन्छ ।

हिमाल, पहाडर तराई मधेस नेपालको भौगोलिक बनावटमा उपलब्ध प्राकृतिक स्रोत–साधनलाई अधिकतम परिचालन गर्न दक्ष जनशक्तिको योजनार त्यसलाई कार्यान्वयन गर्ने जनशक्ति सँगसँगै विकास गरेर लैजानु आजको आवश्यकता हो । विद्यार्थीहरू समाजका सचेत वर्ग हुन् । उनीहरूले समाजलाई उज्यालो भविष्यतिर लैजान सक्छन् । अधिकांश विद्यार्थी किसानका छोराछोरी हुन्, जो किसानका छोराछोरी होइनन्, ती विद्यार्थीले पनि किसानले पसिनामा कसरी दाना फलाउँछन् भन्ने प्रत्यक्ष अनुभव गर्न पाउने योजना अखिल क्रान्तिकारीले आफ्नोराष्ट्रिय सम्मेलनमा बनाउनुपर्छ ।

विद्यार्थी संगठनसँग आबद्ध प्राविधिक विद्यार्थीलाई उत्पादनर निर्माणको क्षेत्रमा प्रत्यक्ष सहभागी हुने योजना बनाउनुपर्छ । कम्तिमा वर्षमा १५ दिन ती विद्यार्थीले श्रम गर्न सक्छन् । बाली विज्ञानर पशुविज्ञानका विद्यार्थीलाई किसानसँग मिलेर काम गर्ने व्यवस्था मिलाउन सकिन्छ । निर्माण क्षेत्रका प्राविधिक विद्यार्थी सिँचाइ, खानेपानीर शौचालय निर्माणमा सघाउन गाउँमा जान सक्छन् । शिक्षालाई जनताको प्रत्यक्ष सरोकारसँग जोडेर लैजान सकिन्छ । त्यसो भए शैक्षिक आन्दोलनमा लागेकाहरू जनतासँग प्रत्यक्ष सम्पर्कमारहन्छन् । धारो बिग्रिँदार अन्नवालीमा किरा लाग्दा आन्दोलनकर्तालाई सम्झने अवस्था सिर्जना गरिनुपर्छ ।

२१औं शताब्दीको समाज सुहाउँदो विद्यार्थी आन्दोलनको एजेन्डा हामीले तय गर्न सक्नुपर्छ । त्यसो भए मात्रै नेपाली विद्यार्थीको आन्दोलन जीवन्त बन्न सक्छ, अन्यथा विद्यार्थी आन्दोलन पनि डाइनोसरजस्तो हुन सक्छ । त्यसैले शैक्षिक क्रान्ति अहिलेको आवश्यकता हो । संविधान निर्माण प्रक्रियासँगै दक्ष जनशक्ति उत्पादन, उत्पादित जनशक्तिको स्वदेशमै व्यवस्थापन, आत्मनिर्भर अर्थतन्त्रको विकासका विषयमा विद्यार्थी आन्दोलनको ध्यान केन्द्रित गर्नुपर्छ । यी विषय उठाउँदा मात्रैराजनीतिक आन्दोलन उठ्न सक्छ, अन्यथा विद्यार्थी आन्दोलन सुस्ताइरहनेछ । जागरूक विद्यार्थी आन्दोलनका लागि विद्यार्थीको जीवनमा प्रत्यक्ष जोडिने विषय पनि अबको विद्यार्थी आन्दोलनको विषय बन्नुपर्छ ।

हामी अखिल क्रान्तिकारीकोराष्ट्रिय सम्मेलनको वरिपरि यस्ता विषयमा पनि बहस केन्द्रित गर्न चाहन्छौं ।राष्ट्रिय सम्मेलनमा सहभागी हुने देशभरिका विद्यार्थीको सुझावका आधारमा माथि उल्लेखित विषयलाई समेत समेटेर नीति, योजनार कार्यक्रम बनाउनुपर्छ । त्यो नीति, योजनार कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने नेतृत्व छनोट पनिराष्ट्रिय सम्मेलनको मुख्य कार्यभार हो । आफ्नो भविष्य सुरक्षित गर्दै हाम्रो सन्ततिको पनि भविष्यलाई उज्ज्वल बनाउने दिशामा अग्रसर बनौंर विद्यार्थी संगठनलाई शैक्षिक संस्थाररोजगारदाताबीचको गतिशील पुल बनाऔं ।

## मतभेद भए फोर्स बिग्रन्छ : गृहमन्त्री



काठमाडौं । उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमले सुरक्षा फोर्समा मतभेद हुँदा संगठन कमजोर हुने बताएका छन् । उनले सधैं चेन अफ कमान्डमा रहेर काम गर्न सशस्त्र प्रहरी बलका अधिकारीलाई निर्देशनसमेत दिएका छन् ।

सशस्त्र प्रहरी बल प्रधान कार्यालयको निरीक्षणपछि बुधबार उनले सुरक्षा संगठननमा मतभेद हुन नहुने बताएका हुन् । सशस्त्र प्रहरीका उच्च अधिकारीहरूबीच रहेको मतभेदलाई लक्षित गर्दै उनले भने, 'त्यो सिट ( महानिरीक्षक)मा एकजना मात्रै जाने हो, मतभिन्नता गर्नुहुँदैन, भिन्नता भएमा फौज छाडिदिनुपर्छ ।' व्यक्तिको स्वाभिमानमा असर पार्ने गरी कसैले काम गर्न नहुनेतर्फ ध्यानाकर्षण गराउँदै उनले संगठनमा सेवा प्रवेश गर्ने सबैले माथिल्लो पदमा जाने आकांक्षा राखेको हुने तर चाकडी गरेर अगाडि जानखोज्न नहुने बताए ।

सशस्त्र प्रहरीमा आइजिपी केही एआइजीबीच राम्रो सम्बन्ध छैन । आइजिपी कोषराज वन्तलाई केही प्रहरी अधिकारीले नै असहयोग गरेको स्रोतको भनाइ छ ।

कार्यक्रममा गृहसचिव जनार्दन नेपालले बिपद् व्यवस्थापनमा सशस्त्र प्रहरीले खेलेको भूमिकाको प्रशंसा गरेका थिए । सशस्त्र प्रहरी महानिरीक्षक वन्तले उपलब्ध स्रोत, साधनको अधिकतम् उपयोग गरी उपलब्धिपूर्ण कार्यसम्पादन गर्न संगठन क्रियाशील रहेको बताए ।



# हिमाली आयोजनामा दुई अर्ब ७२ करोड लगानी

काठमाडौं । हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तनले कृषि उत्पादनमा कमी आएपछि उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना ( हिमाली) ले सुरू गरेका कार्यक्रम सफल भएका छन् ।

आयोजनाले स्थानीय कृषकको चाहनाअनुसार स्थानीय सीप र साधनकै प्रयोग गरी आधुनिक प्रविधि सम्मिश्रण गरी कृषि आयोजना अगाडि बढाएका कारण सफलता मिलेको हो । हिमाली आयोजना पूर्वाञ्चलको संखुवासभा र सोलुखुम्बु, मध्यमाञ्चलका दोलखा र रसुवा, पश्चिमाञ्चलमा मनाङ र मुस्ताङ, मध्यपश्चिमाञ्चलमा डोल्पा, मुगु, जुम्ला र हुम्ला गरी १० जिल्लामा लागू गरिएको छ ।

आयोजनाका लागि सरकारको ४० करोड ८० लाख, एसियाली विकास बैंकको एक अर्ब ८० करोड, स्थानीय किसान (लाभान्वित पक्ष) को ५१ करोड ३९ लाख गरी २ अर्ब ७२ करोड लगानी गरिएको छ । हिमाली आयोजनाका वरिष्ठ कार्यक्रम निर्देशक कौशलकुमार पाण्डेले चालू आवमा दुई सय ९९ आयोजना छनोट गरिएको जानकारी दिए । छनोट भएका आयोजनामध्ये ६३ वटा आयोजनाको अन्तिम स्वीकृति भइसकेको छ । स्वीकृत आयोजनालाई १३ करोड ८९ लाख उपलब्ध गराउनुपर्नेछ ।

स्वीकृत आयोजनाले हालसम्म ३ करोड ७० लाख रकम लगिसकेको पाण्डेले जानकारी दिए । आयोजनाले स्थानीयस्तरमा करिब सात हजार पाँच रोजगारी सिर्जना गर्ने र करिब दुई करोड अमेरिकी डलरबराबरको आर्थिक लाभ प्राप्त गर्ने लक्ष्य राखेको छ । उच्च पहाडी जिल्लाका बासिन्दाको आयआर्जनमा सहयोग पु¥याउने र जीविकोपार्जनमा दिगो सुधार ल्याउने कार्यक्रमको लक्ष्य छ ।

एसियाली विकास बैंकको अनुदान सहयोगमा सञ्चालनमा ल्याइएको आयोजनाले उच्च पहाडमा बाली, पशुपालन, जडीबुटीजन्य वन पैदावारसँग सम्बन्धित व्यवसाय सञ्चालन वा विस्तार गर्न प्रतिस्पर्धात्मक रूपमा अनुदान उपलब्ध गराउँदै आएको छ । आयोजनाले संखुवासभा, सोलुखुम्बु, दोलखा, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु र हुम्ला जिल्लामा बाख्रा, च्यांग्रा, भेडापालन, ऊन प्रशोधनलगायत कार्यक्रममा लगानी गरेको छ ।

त्यस्तै, डोल्पा, मुगु र मनाङमा दूध प्रशोधनलगायत आयोजनामा समेत उल्लेख्य लगानी गरेको छ । आयोजनाले अर्गानिक तरकारी, ताजा तरकारी उत्पादन, मसला बाली, अलैँचीखेती, अकबरे खुर्सानी, कालो मुसुरो, सिमी, ग्रामीण कुखुरापालन, अल्लो, चिराइतो, सतुवा, सुगन्धवाला, अर्गेली, जटामसी, पदमचाल, केशरखेती, ठूलो ओखती, डालेचुक, मसिफ्रती, अत्तिस, सुन्तला जातका फलफूल, स्याउ, ओखर, खुरपानी, किवी, अनार, नासपातीखेतीलाई व्यावसायिक रूपमा प्रवर्द्धन गर्नेछ ।

त्यस्तै, शीतभण्डार स्थापना, कृषि पर्यटन, ट्राउट माछापालन, माहुरी, हातेकागज, लोक्तालाई पनि अगाडि बढाइनेछ । हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमाली तथा उच्च पहाडी क्षेत्रमा परेको असरलाई न्यूनीकरण गरी स्थानीय प्रविधि र सीपको जगेर्ना गरिने र यसबाट नेपालको अपनत्व कायम रहने विश्वास गरिएको पौडेलको भनाइ छ ।

आयोजना लागू भएका जिल्लाका कृषि, पशु सेवा, उद्योग वाणिज्य संघ, स्थानीय सरोकारवाला निकायको सहभागितामा कार्यक्रम छनोट गरिएको छ । नर्सरी व्यवस्थापन, उत्पादन तथा बजारीकरण, चौंरीपालन, चिराइतोखेती, स्याउखेती, बाख्रापालन उत्कृष्ट रूपमा अगाडि बढेको र सफल भएको आयोजनाका रूपमा लिइएको छ ।

प्रथम चरणमा सम्झौता भएबमोजिम हुने गरी आयोजना तीन वर्षसम्म सञ्चालन गरिनेछ । हिमाली तथा उच्च पहाडी क्षेत्रमा गरिबी निवारण गर्ने, आयआर्जनमा सुधार ल्याउने, वैदेशिक रोजगारीमा जानबाट युवालाई रोक्ने, स्थानीय सीप तथा प्रविधिको संरक्षण गर्ने लक्ष्य राखिएको छ । आयोजनाले जिल्ला कृषि विकास कार्यालय संखुवासभाको कार्यालय भवन निर्माण सम्पन्न गरेको छ भने शीतोष्ण बागवानी फार्म मार्फाको तालिम घर, बिउ भण्डार, पाहुना घर, आवास गृह र थ्रेसिङफ्लोरको सुधार र कम्पाउन्डवाल निर्माण जारी छ ।

यस्तै, तीन संयुक्तसहित ६ वटा सेवाकेन्द्र मुगु, जुम्ला, दोलखा, रसुवा, संखुवासभामा निर्माण सुरू गरिएको छ भने जुम्लामा दुई कृषि सेवा केन्द्र भवन मर्मतसुधार भइरहेको छ । नेपालमा अर्गानिक स्याउ उत्पादन हुने गरे पनि प्रशोधन केन्द्र अभावमा खेर गइरहेको अवस्थामा त्यसलाई सुरक्षित बनाउन प्रशोधन केन्द्र निर्माण गर्ने लक्ष्य राखिएको छ । आयोजनाले कृषि विकास मन्त्रालयअन्तर्गतका विभिन्न सेवाप्रदायक निकाय तथा स्रोतकेन्द्रको पूर्वाधार विकास, सुदृढीकरण र क्षमता अभिवृद्धि गर्न ३० लाख ३२ हजार अमेरिकी डलरबराबर रकम खर्च गर्ने लक्ष्य राखेको छ ।

आयोजनामा सहभागी व्यवसायीले आयोजनाको अन्त्यपश्चात् आफ्नो लगानीको १५ प्रतिशतभन्दा बढी प्रतिफल प्राप्त गर्ने, जलवायु परिवर्तनले पार्ने असर न्यूनीकरण गर्न स्थानीय समुदायलाई सहयोग पु¥याउने लक्ष्य राखिएको छ । ०६८ असारदेखि सुरू भएको आयोजना ०७४ असोज १४ सम्म सञ्चालन हुनेछ । **रासस**

## विज्ञापन गर्दा बाइक चोरी

काठमाडौं । आरूबारीका दिवस थापा आफूले चढेको बाइक बेच्ने धुनमा थिए । प्रविधिमा रमाउने पुस्ताका १९ वर्षीय दिवसले बाइक बेच्ने मनसायले हाम्रोबजार डटकम नामक वेबसाइटमा बाइकको न्यूनतम मूल्य एक लाख २० हजार तोकी बिक्रीमा राखिदिए ।

वेबसाइटमा सूचना अपलोड गरिएको १३ दिनपछि एक ग्राहकले उनलाई ल्यान्डलाइनबाट फोन गरे । दिवसले कलेजबाट फर्किएपछि कतै भेटेर बाइक बिक्रीका विषयमा 'डिल' गर्न ती ग्राहकसँग सहमति जनाए । सोही फोन सम्पर्कअनुसार कलेजबाट फर्किनासाथ घरमा केही नभनी उनी बाइक लिएर जोरपाटी नारायणटार पुगे । त्यहाँ उनलाई फोन सम्पर्क गरी बाइक किन्न रुचि देखाएका 'ग्राहक' पर्खिरहेका थिए ।

नारायणटार चोकमा दिवससँग भेट भएपछि सामान्य कुराकानीपछि ती ग्राहकले बाइक 'टेस्ट ड्राइभ' गरी हेर्छु भन्दै हेलमेट दिन आग्रह गरे । तर, दिवसले हेलमेट दिन मानेनन् र त्यतै ड्राइभ गर्न भने । हेलमेट नदिएपछि ती ग्राहकले विनाहेलमेट नै 'टेस्ट ड्राइभ' गर्न बाइक लिए । सामान्य पोसाकमा आएका ती ग्राहक बाइक लिएर गएको आधा घन्टासम्म पनि नआएपछि चोरी भएको आशंकामा दिवसले तुरून्तै बौद्ध प्रहरी र घरमा खबर गरे । तर, बाइक कतै फेला परेन । प्रारम्भिक मूल्य एक लाख २० हजार तोकी वेबसाइटमा राखिएको बा४१प ५१८ नम्बरको सिबिजेड बाइक हालसम्म प्रहरीले फेला पारेको छैन । प्रविधिको सहारामा अपरिचित व्यक्तिलाई बाइक बेच्न लागेका दिवसको बाइक आँखैअगाडि दिउँसै चोरी भयो ।

## राज्यसत्ता...

राजा र राजसंस्थालाई बोक्यो । मै हु भन्ने बामपन्थि नेताहरू राजाका पाउमा दाम राखेर मलाई प्रधान मन्त्री बनाई दिनु प¥यो भन्दै जानु भयो । आदर्शको जिवन बाँचेका बामपन्थी नेता मनमोहन अधिकारीलाई राजाले नै प्रधान मन्त्री बनाएर देश हाँक्न लगाए । पछिल्लो समयमा क्रान्तिकारी हौं भन्ने माओवादीहरूले आफुलाई एकलौटी सत्ता चलाउन दिने हो भने राजा ज्ञानेन्द्र शाहलाई सिंहानुक जस्तै बनाएर राख्छौं भनेका थियौं उनले मानेनन् भन्दैछन । मैले र मेरा साखा सन्तानले अहिले सम्म गा.बि.स को वडा सदस्य हुने अवसर पाएका छैनौं । म कसरी प्रजातन्त्र बिरोधी राजावादी भए ? मैले राष्ट्रको के नोक्सान गरे ? मलाई कसैले राजावादी भनेकोमा दुख त छैन । तर दुख यसमा छ,मलाई राजावादी भन्नेहरूले राजालाई बुझ्न सकेका छैनन् । राजाले पत्रकार सम्मेलन गरेर देश नेताहरूको जिम्मा लगाएर गएका हुन । राष्ट्र र जनता प्रति उदासिन अर्थात बैरागी भएर राजपाठ छोडेका होइनन् । पञ्चायती ब्यवस्थाको अन्त्यपछि मरिचमान सिंह श्रेष्ठले जस्तो राजाले कुखुरा पालेर जिवन गुजारा गरि रहेका छैनन् । म जस्तो सामान्य नागरिकले त देशका बारेमा चिन्ता गर्नु आफ्नो धर्म ठान्छु भने राजाले पक्कै पनि भारी चिन्ता गरेका होलान । मैले शासन चलाउँदाको अवस्थामा भन्दा अहिले त झनै बर्वाद पो गरेउ त भनेर नेताहरूलाई राजाले शोध्न सक्छन । राष्ट्रको चिन्ता गर्ने राजाको राजनीतिक र नैतिक हक कसैले छिन्न सक्ने बिषय होइन । राजाले त्यसरी शोधे भने दलका नेताहरूले जवाफ के दिने ? यो बिषय कसैले हेक्का राखेको छैन ?

अपराधिहरू सत्ता र राजनीतिको श्रीसस्थानमा पुग्नु भनेको न्यायपुर्ण एक राज्यका लागी सकारात्मक पाटो होइन र त्यसलाई परिवर्तन भन्न मिल्दैन । नेपालको राज्य सत्ता बिटुलियो । अपराधिले सञ्चालन गर्ने सत्ताले मानवता,प्रजातन्त्र र समानताको परिभाषा दिन सक्दैन । प्रजातन्त्रको पक्षमा बोल्ने र तद्अनुरूप काम गर्नेहरूले यो अपराधिक चरित्रका मानीसहरूले सञ्चालन गरेको सत्ता उलटपुलट पार्न सक्नुपर्छ । लोकतन्त्रको खोल ओढेर राष्ट्र र जनतालाई गरिब बनाउने नेता रातारात धनि बन्ने अब्यवस्थाको बिरोध राजावादीले गरेको प्रजातन्त्रको बिरोध हुन सक्दैन । राज्य सत्ता सुद्धिकरण गर्दै जनताका कल्याणका लागि लोकतन्त्र आबस्यक हो भने सबै धर्म बिचार र समुदायका नेपालीहरूले सकारात्मक परिवर्तनका निम्ति माहान क्रान्तिको यज्ञमा एक पटक फेरी होमिनु पर्छ । जुन जनक्रान्तिले असुर र दैत्यहरू अग्नीकुण्डमा खरानी हुनेछन । त्यही जनक्रान्तिका माध्यम बाट राष्ट्रको बिकास र जनताको जिवनको उत्थान गर्न सक्ने राज नेता अब नेपाली जनताले जन्माउनु पर्नेछ ।

## v]nsb

### रामले लिए दश विकेट

काठमाडौं जिल्ला क्रिकेट छनोट प्रतियोगितामा मंगलबार एक कीर्तिमान बनेको छ । न्यु भिजनका राम चौधरीले घरेलु क्रिकेट इतिहासमा दश विकेट लिएको कीर्तिमान राखे । उनले फोरएभर क्रिकेट क्लबविरूद्ध उपलब्धि हात पारे ।

पहिलो ब्याटिङ गरेको न्यु भिजनले निर्धारित ३० ओभरमा ६ विकेट गुमाएर १६० रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा फोर एभरका सबै (दश) ब्याट्सम्यान रामका सिकार भएपछि १२४ रनले पराजित भयो । रामले ६ ओभरमा केवल २० रनमात्र दिएका छन् । इनिङको चौथो बलदेखि विकेट लिएका रामले १०.६ ओभरमा अन्तिम विकेट हात पारे ।

उनले इनिङको दशौं ओभरमा ह्याट्रिकसहित चार विकेट हात पारे । रामले ह्याट्रिक लिने क्रममा इन्द्र ठकुरी, अरूण ऐरी तथा प्रजेन नापितलाई आउट गरेका थिए । सोही ओभरमा उनले योगेशलाई पनि आउट पारे । रामले आफ्नो दश विकेट अविस्मरणीय इनिङमा नौ ब्याट्सम्यानलाई बोल्ड गरे । उनले एक विकेट एलबिडब्ल्यूका रूपमा हात पारे । फोर एभरले सबै विकेट गुमाएर केवल ३६ रनमात्र जोड्यो । टोलीलाई अतिरिक्तबाट सर्वाधिक १० रन प्राप्त भयो ।

### नीति र विधिको समन्वय आवश्यक : खेलकुदमन्त्री

युवा तथा खेलकुदमन्त्री पुरूषोत्तम पौडेलले नेपाली खेलकुद क्षेत्रको विकासका लागि नीति र विधिको समन्वय आवश्यक रहेको बताएका छन् । खेलकुदको विकासका लागि गर्नुपर्ने गृहकार्यका विषयमा खेलपत्रकारहरूसँग बुधबार अन्तर्क्रिया गर्दै खेलकुदमन्त्री पौडेलले खेलकुद नीति र विधिको अभावका कारण समस्या रहेको र त्यसलाई समाधान गर्न आफूले प्रयास गर्ने बताए । खेलकुदलाई सबैको प्रतिनिधिमूलक बनाउन आवश्यक रहेको उल्लेख गर्दै मन्त्री पौडेलले आफूले परिषद्मा लोकतान्त्रीकरण गर्ने विश्वास दिलाए ।

मन्त्री पौडेलले परिषद्मा अहिले पुरानै पञ्चायती विधि रहेको उल्लेख गर्दै ०६७ मा बनेको खेलकुद नीतिलाई कार्यान्वयन गर्न सके मात्रे पनि धेरै उपलब्धि हुने जनाएका छन् । 'नीतिमा एउटा छ, तर विधिमा अर्कै छ, त्यसलाई समन्वय गर्न सके खेलकुदको विकास हुनेछ,' मन्त्री पौडेलले भने । नेपाली क्रिकेटले बंगलादेशमा गरेको प्रदर्शनबाट नेपालभर खेलकुदको माहोल बनिरहेको बताउँदै मन्त्री पौडेलले सरकार अन्तर्राष्ट्रिय क्रिकेट मैदान बनाउन तयार रहेको जानकारी दिएका छन् ।

उनले निजी क्षेत्रले देखाएको तत्परताप्रति पनि खुसी व्यक्त गरेका छन् । खेलकुद क्षेत्रमा ट्यालेन्ट हन्टलगायतका कार्यलाई समेत अगाडि बढाउने र खेलाडीको जेनेरेसन ग्यापको अवस्थालाई समेत कम गर्ने योजना आफूहरूको रहेको उनको धारणा छ । स्थानीय तहबाट नै खेलकुदको विकासका लागि कार्यहरु गर्नसमेत मन्त्रालय तयार रहेको उनले उल्लेख गरेका छन् ।

### उर्गेनलाई गल्फ उपाधि



भुटानका देन्चे उर्गेनले बुधबार चौथो सिएमसी नेपाल ओपन एमेच्योर गल्फ प्रतियोगिताको उपाधि जितेका छन् । गोकर्णको गल्फ कोर्समा अन्तिम दिन उर्गेनले एक अन्डर २१५ कार्ड लेखाउँदै उपाधि जितेका हुन् । उनले थाइल्यान्डका पुवित अनुपान्सुवेसीलाई चार स्ट्रोकले पछि पारे ।

प्रतियोगिताका उपविजेता पुवितले तीन अन्डर २१९ कार्ड लेखाए । दुई वर्षअघि पनि उर्गेनले गोकर्णमा खेलेका थिए । सोही अनुभवका आधारमा उपाधि जित्न सजिलो भएको उनले बताए । 'दुई वर्षअगाडि यहाँ खेल्न आएको थिएँ,' उर्गेनले भने । प्रतियोगितामा आफ्नो पुटिङ बलियो भएको उनले बताए । 'मेरो बलियो पक्ष भनेको पुटिङ हो, ग्रिनमा केही मात्र चुके,' उनले भने । नेपालबाट उपाधिसहित घर फर्कन पाउँदा ज्यादै खुसी लागेको उनको भनाइ छ । 'आज म उपाधि जित्दै घर फर्कंदै छु,' उनले भने । प्रतियोगितामा थाइल्यान्डकै एकरात लेसुवान तेस्रो भएका छन् । उनले ६ ओभर खेल्दै २२२ कार्ड लेखाएका छन् ।

यसैगरी सिनियर समूह ५५ वर्षमाथि मेजर एलपी गुरूङ पहिलो भएका छन् । उनले सर्वाधिक १६४ कार्ड लेखाए । भैराजा पाण्डे सो समूहमा दोस्रो भएका छन् ।

### भेट्रानतर्फ गुरूङ पहिलो

छैटौं सहवीर स्मृति लनटेनिस प्रतियोगिताको बुधबार भेट्रान्स एकल ५५ वर्षमाथिको उपाधि काठमाडौंका ध्रुव गुरूङले जितेका छन् । प्रतियोगिताको फाइनल खेलमा गुरूङले काठमाडौंकै ज्ञानेन्द्र ताम्राकारलाई ८-४ ले पराजित गरी उपाधि जितेका हुन् । पुरूष युगलको फाइनलमा एपिएफका कुमार अधिकारी र जितेन्द्र परियारको जोडीले पुगेको छ । सो जोडीले डोल्पाका मिलन रोका र अभिषेक बाँस्तोलाको जोडीलाई ६-३ र ७-६ ले हरायो ।

अर्को खेलमा एनपिसीका कमल भण्डारी र दावासोनाम शेर्पाको जोडीले एपिएफका आत्माराम कार्की र सन्तोष खत्रीको जोडीलाई ६-३ र ७-५ ले पराजित गरी अन्तिम दुईको स्थान पक्का गरेको छ । इन्टर गभर्मेन्टल सर्भिस इभेन्टको पुरुष युगलतर्फ टिएसीका अमूल्य सिंह र सञ्जय झाको जोडीले टिएसीकै भिक्टर राणा र प्रदीप शाहको जोडीलाई ६-१, ४-६ र ११-९ ले हराउँदै फाइनल यात्रा पक्का गरेको छ ।

# /Eg va/

## चलचित्र पत्रकार संघमा शान्तिप्रिय

नेपाल चलचित्र पत्रकार संघको अध्यक्षमा शान्तिप्रिय निर्वाचित भएका छन् । संघको राजधानीमा बिहीबार सम्पन्न छैटौं साधारणसभाबाट डब्बु क्षेत्रीलाई हराउँदै शान्तिप्रिय दोस्रोपटक अध्यक्ष बनेका छन् । शान्तिप्रियको



पक्षमा ४० र डब्बु क्षेत्रीको पक्षमा २० मत खसेको थियो । ६३ सदस्य रहेको संघमा तीन मत भने अध्यक्ष पदमा मात्रै परेन । त्यस्तै, लक्ष्मण सुवेदी उपाध्यक्ष (कार्यक्रम)तर्फ निर्विरोध निर्वाचित भएका छन् । उपाध्यक्ष (संगठन)तर्फ भने अशोक प्यासी राईलाई हराउँदै विष्णु सुवेदी विजयी बनेका छन् ।

राजन घिमिरेलाई पछि पार्दै सन्दीप सापकोटाले महासचिवमा जितेका छन् । सचिवमा डिबी खड्का र कुवेर गिरीलाई पछार्दै दिनेश सिटौलाले बाजी मारेका छन् । कोषाध्यक्षमा कुबेर डंगोल विजयी बने, शारदा थापा उनका प्रतिद्वन्द्वी थिइन् । सदस्यहरूमा सुमन गैरे, विजय आवाज, गीता अधिकारी, नेमिष गौतम र किरण खनाल विजयी भएका छन् ।

त्यसैगरी पार्षद्मा अनन्त वाग्ले, विदुर गिरी, दयाराम पाण्डे, सन्तोष रिमाल, ध्रुव लम्साल, कृष्ण भट्टराई, नरेश भट्टराई, ऋषिराम कट्टेल र नवराज लम्साल चुनिएका छन् । नवौं पार्षद्का लागि अनन्त वाग्ले र प्रदीप निरौलाको २३/२३ मतले 'टाई' भएपछि गोलाप्रथाद्वारा अनन्त वाग्ले विजयी बनेका हुन् ।

वरिष्ठ चलचित्रकर्मी यादव खरेलको आतिथ्यमा सम्पन्न साधारणसभामा दुई दशकयता चलचित्र पत्रकारिता क्षेत्रमा रहेर चलचित्र र चलचित्र पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप अनन्त वाग्लेलाई चलचित्र पत्रकारिता सम्मान-०७० बाट सम्मानित गरिएको छ । कार्यक्रममा १५ हजार पाँच सय ५५ रुपैयाँको राशिसहित अशोक प्यासी राई तथा जयन सुब्बा मानन्धर चलचित्र पत्रकारिता पुरस्कार-०७० प्रदान गरिएको छ ।

## खुलामञ्चमा अबेरसम्म रुवाबासी

जिल्ला विकास समिति पाँचथरको खुलामञ्च बिहीबार राति अबेरसम्म चकमन्न रह्यो । रातको समय भेला भएका हजारभन्दा बढी दर्शक सास दबाएर बसे । बीचमा कसै-कसैले डाको छोडेर आफूलाई थाम्न नसकेर रोएको आवाजबाहेक त्यहाँ त्यति धेरै मान्छे छन् भन्ने आँकलन



गर्न गाह्रो थियो । सबैले आफूलाई सम्हाल्न अनेक बाहानामा तयारी गरेको प्रशस्तै भेटियो ।

कुरा हो, चलचित्र झोलाको खुला प्रदर्शनको । हाम्रो थिएटर पाँचथरले जिल्लाको फिदिम र ताप्लेजुङको फुङलिङमा च्यारिटी सो सकेर पाँचथरको फिदिमस्थित जिविस खुलामञ्चमा आयोजना गरेको खुला प्रदर्शनमा सहभागीहरूले घित मारेर झोला हेर्न पाएको बताए ।

चलचित्र देखाइने चर्चा चलेपछि लेखक कृष्ण धरावासीको जन्मभूमि अमरपुरसहित आसपासका गाविसबाट आएकामध्ये अधिकांश रोएर फर्किए ।

हाम्रो थिएटर पाँचथरले पाँचथर र ताप्लेजुङ जिल्लामा बिकलांग व्यक्तिको सहयोगार्थ पहिलोपटक झोलाको प्रदर्शनी गरेको थियो । दुइटै जिल्लाका प्रदर्शनीमा धरावासीको गाँउबाट प्रशस्तै दर्शक झोला हेर्न जुटे ।

पाँचथरमा गरिएको आठ सोमा दुई हजार र ताप्लेजुङको ६ सोमा तीन हजार गरी पाँच हजारभन्दा अधिक दर्शकले झोला हेरेको आयोजक संस्थाका अध्यक्ष एनबी अन्जानले जानकारी दिए । पब्लिक सो नाम दिइएको झोला प्रदर्शनको एक घन्टा अघिबाटै जिविस परिषद्मा दर्शकको उपस्थिति बाक्लिएको थियो ।

श्रीमान्को मृत्युपछि सती जान लागेकी ब्राह्मणीको रोदन, नाबालक छोराको संघर्ष तथा रातको समयमा श्रीमान्को चितामा चढाइएपछि फुत्केकी अबला नारीले जंगलको ओढारमा निर्वस्त्र बिताएको एक्लोपन र त्यसपछि छोरासँगको भेटघाटपछि देवर-देउरानीको सहयोगमा गाउँ छोडेका दृश्य पर्दामा देखिँदा अधिकांशले डाको छोडे । झोला हेरेर फर्किएका सर्वसाधारणले नेपाली चलचित्रमा गरिएको लगानीलाई झोलाजस्ता विषयवस्तुले मात्रै सम्मान गर्न सक्ने प्रतिक्रिया दिए । पहिलोपटक झोला हेरेका दर्शकले सो सकिएपछि पुनः प्रदर्शनको मागसमेत गरेका छन् ।

## नवलले सेन्सरको आदेश नमान्ने

भारतले गरिरहेको नेपालको सीमा अतिक्रमणको विषयमा दशगजा फिल्म निर्माण गरेर विवादका साथै चर्चामा समेत आएका निर्माता नवल खड्का अहिले फेरि किसान आन्दोलनका हिमायती सहिद भीमदत्तको जीवनीमा आधारित फिल्म भीमदत्तका कारण चर्चामा छन् ।

सेन्सरले आपत्ति जनाएका दृश्य नकाटीकनै फिल्म रिलिज गर्ने दाउमा रहेका नवल सेन्सरले आपत्ति



जनाएका बाह्रवटा दृश्य हटाएर २ र १५ मार्चमा हङकङमा फिल्म देखाउनु बाध्यता भएको बताउँछन् । 'त्यतिबेला हामीसँग समय नै थिएन, उता सो फिक्स भइसकेको थियो । त्यसकारण सेन्सरको ज्यादती सहेर सो गरियो । तर, अब कुनै दृश्य पनि नकाटीकनै फिल्म सो गर्छु,' दादागिरी शैलीमा उनी भन्छन्, 'मैले सत्य घटना र पात्रमा फिल्म बनाएको छु । सहिद भीमदत्तजस्तो राष्ट्रवादी नेता कोही छैन, जसले एकसाथ स्वदेशी र विदेशी शत्रुसँग विद्रोह गरेका थिए । मैले त्यस्तो गौरवशाली इतिहासलाई पर्दामा उतारेको छु । मैले त सम्मान पाउनुपर्ने हो, उल्टो मनै पटकपटक प्रताडित हुनुपर्ने ? यो कहाँको न्याय हो ?'

सेन्सरको कैंचीप्रति आफ्नो पूर्ण असहमति रहेको बताउँदै आएका नवल सहिद भीमदत्त पन्त स्मृति प्रतिष्ठानको सहयोगार्थ डडेल्धुराको टुँडिखेलमा ११ वैशाखमा हुने विशेष सोमा कुनै दृश्य नकाटिएको भीमदत्त देखाउने अडानमा छन् । 'मैले सही काम गरेको छु । त्यसकारण म आफ्नो अडानमा दृढ छु,,' फेरि जंगिदै उनले भने, 'मलाई कसैले रोक्न सक्दैन ।'

हङकङमा भीमदत्त निकै मन पराइएकाले पुनः दुई सोको माग आएको नवलले बताएका छन् । ९ मार्चमा चाइनाको गोन्जाउमा समेत भीमदत्त सो गरिएको र अब छिटै अमेरिका, युके, मकाउ, जापानलगायत खाडी मुलुकमा समेत भीमदत्त प्रदर्शन गर्न लागिएको उनले बताएका छन् । हङकङमा फिल्म सो गर्न गएका वेला उनले हङकङका महावाणिज्य दूत महेशप्रसाद दाहाललाई नेपाली फिल्मको पाइरेसी रोक्न र सांस्कृतिक सहचारी नियुक्तिका लागि सहयोग गर्न ज्ञापनपत्र बुझाएका थिए । हिमग्याप टासी लामाले निर्देशन गरेको फिल्ममा नवल स्वयंले भीमदत्तको भूमिका निभाएका छन् भने उनका साथमा सुमीना घिमिरे, रमेश बुढाथोकी, निशा अधिकारी, श्रीराम पुडासैनीलगायतले अभिनय गरेका छन् ।

## जेठमा चौथो अफ्रिकी फिल्म फेस्टिबल

विगतका वर्षमा झैं यसपटक पनि कलेज अफ जर्नालिजम एन्ड मास कम्युनिकेसन (सिजेएमसी)ले राजधानीमा अफ्रिकी फिल्म फेस्टिबल आयोजना गर्ने भएको छ । चौथो नेपाल अफ्रिका फिल्म फेस्टिबल ०७१ जेठ ९ देखि ११ गते (२३-२५ मे)सम्म राजधानीको रसियन कल्चरल सेन्टरमा हुनेछ ।

नेपाल र अफ्रिकाबीच सांस्कृतिक आदानप्रदानका साथै एकअर्काको भूराजनीति, समाज र सांस्कृतिक विकासमा सहयोग पुऱ्याउने उद्देश्य राखिएको फेस्टिबल कलेजले सन् २०११ देखि हरेक वर्ष आयोजना गर्दै आएको छ ।

'नेपाल एन्ड अफ्रिका हयान्ड इन हयान्ड टुगेदर वी स्टयान्ड' थिम राखिएको यसपटकको फेस्टिबलमा मदर अफ जर्ज, नाइजेरियन गर्ल, मिस्टर बोन्स एटी, द ग्रुम्स ब्राइड, वार बिच कंगो, बिनी मन्डेलालगायतका अन्य अफ्रिकी फिल्मका साथै केही नेपाली फिल्मसमेत प्रदर्शन गरिनेछन् । फेस्टिबलमा नेपाल र अफ्रिकाका प्रतिष्ठित चलचित्र तथा सञ्चारकर्मीहरूको उपस्थिति रहने फेस्टिबल निर्देशक डा. मञ्जु मिश्रद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# skt/6

## हिमालयन बैंकको लाभांश पारित

हिमालयन बैंकको शुक्रबार सम्पन्न २१औं वार्षिक साधारणसभाले सेयरधनीलाई चुक्ता पुँजीको ५ प्रतिशत बोनस सेयर र १० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव अनुमोदन गरेको छ । बोनस सेयर वितरणपछि बैंकको चुक्तापुँजी दुई अर्ब ८९ करोड ८० लाख पुग्नेछ ।

साधारणसभामा बैंक अध्यक्ष मनोजबहादुर श्रेष्ठले आव ०६९/७० को प्रतिवेदन प्रस्तुत गरेका थिए । अध्यक्ष श्रेष्ठले समीक्षा वर्षमा बैंकको निक्षेप अघिल्लो वर्षको तुलनामा ११.१९ प्रतिशत वृद्धि भई ५३ अर्ब ७ करोड २३ लाख र कर्जा सापट १४.१५ प्रतिशत बढेर ४१ अर्ब ५ करोड ७४ लाख पुगेको जानकारी दिए ।

बैंकले आव ०६९/७० मा १ अर्ब १४ करोड ५९ लाख ७४ हजार सञ्चालन मुनाफा र ९४ करोड ३६ लाख ९८ हजार खुद मुनाफा आर्जन गरेको जनाएको छ । बैंकले चालू वर्षमा थप चार स्थानमा नयाँ शाखा स्थापना र १० वटा एटिएम जडान गर्ने तयारी भइरहेको साधारणसभामा जानकारी दिइएको थियो ।

## हिमालरेमिट-प्राइम बैंक सम्झौता

हिमालयन बैंकको सहायक कम्पनी भई रेमिट्यान्स सुविधा सञ्चालन गर्दै आएको बतास एसोसिएट्स प्रालिले प्राइम कमर्सियल बैंकसँग हिमालरेमिट सेवा सञ्चालन सम्झौता गरेको छ । सम्झौतामा प्राइम बैंकका नायब महाप्रबन्धक भाइराजा तुलाधर तथा बतास एसोसिएट्सका प्रमुख कार्यकारी अधिकृत शान्ताराज बतासले हस्ताक्षर गरेका थिए ।

सम्झौतापछि सेवाग्राहीले बैंकका ३१ शाखाबाट हिमालरेमिट सेवा प्राप्त गर्न सक्नेछन् । बैंकद्वारा सञ्चालित हिमालरेमिटको प्रिन्सिपल एजेन्ट बतास एसोसिएट्सले पांच वर्षदेखि मुलुकभर हिमालरेमिट सन्जाल विस्तार गर्दै आएको छ । हाल बतास एसोसिएटसका सन्जालसहित हिमालरेमिटको नेपालभर चार हजारभन्दा बढी भुक्तानी काउन्टर छन् ।

## सिटिजन्स र मलेसियाको रेमिट मास्टरबीच सम्झौता

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र मलेसियामा प्रमुख कार्यालय रहेको म्याक्स मनी (रेमिट मास्टर)बीच विप्रेषण सेवा प्रदान गर्न सम्झौता भएको छ । सम्झौताबाट मलेसियामा रहेका लाखौं नेपालीलाई बैंकका सबै अञ्चलमा रहेका शाखाबाट रेमिट्यान्सको भुक्तानीको व्यवस्था सहज हुनेछ ।

यसका लागि विदेशमा रहेका नेपालीलाई मातृभूमि बचत नामक खाता खोल्न सक्ने व्यवस्था पनि गरेको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । सम्झौतामा बैंकका प्रमुख सञ्चालन अधिकृत गणेशराज पोखरेल तथा म्याक्स मनी (रेमिट मास्टर)का निर्देशक एबिडी हमिद बिन अब्दुल्लाहले हस्ताक्षर गरेको बैंकले जनाएको छ । सेवाको भुक्तानी नेपालमा गर्न मलेसियास्थित म्याक्स मनीका १८ वटा शाखाबाट नेपालीले रकम पठाउन सक्नेछन् । नेपालमा सिटिजन्स बैंकका ३९वटै शाखाका साथै ५०वटा शाखारहित काउन्टर तथा ५ सय ५० भन्दा बढी एजेन्टमार्फत तत्कालै उक्त रकम भुक्तानी हुने व्यवस्था छ । सेवाको आरम्भसँगै बैंकको रेमिट्यान्स सेवामा लाखौं सेवाग्राहीले लाभ लिन सक्ने विश्वास बैंकका प्रमुख सञ्चालन अधिकृत गणेशराज पोखरेलले जानकारी दिए ।

## सानिमा बैंकद्वारा खाद्यान्न वितरण

सानिमा बैंकको खांदबारी शाखाले संखुवासभास्थित मकालु त्रिशक्ति समूह नेपालका बालबालिकालाई खाद्यवस्तु वितरण गरेको छ ।

बैंक सञ्चालनको दसौं वर्ष अवसरमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बालबालिकालाई खाद्यवस्तु वितरण गरिएको हो । बैंकले सिआरएसअन्तर्गत यो वर्ष ६३ लाख छुट्याइएको जनाएको छ ।

## सिभिल-अल अन्सारी एक्सचेन्ज सम्झौता

सिभिल बैंकले रेमिटेन्स प्रवाह थप सहज गर्ने उद्देश्यले युएईस्थित अलअन्सारी एक्सचेन्जसँग सम्झौता गरेको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किशोर महर्जन र अल अन्सारी एक्सचेन्जका प्रबन्ध निर्देशक मोहमद अली अलअन्सारीले हस्ताक्षर गरेका थिए ।

अलअन्सारी एक्सचेन्जका युएईमा १३० भन्दा बढी शाखा छन् । सम्झौतापछि खाडी मुलुकमा कार्यरत नेपाली प्रत्यक्ष लाभान्वित हुने बैंकका प्रमुख कार्यकारी अधिकृत किशोर महर्जनले बताए । अल अन्सारी एक्सचेन्जका १३० शाखाबाट पठाइएको रेमिटेन्स बैंकका सबै शाखा तथा १५०० भन्दा बढी एजेन्टमार्फत सेवाग्राहीले प्राप्त गर्न सक्नेछन् ।

## ग्रान्ड बैंकको लाभांश पारित

ग्रान्ड बैंक नेपालको तेह्रौं वार्षिक साधारणसभाले सेयरधनीलाई वितरण गरिने ४.७५ प्रतिशत नगद लाभांश वितरण प्रस्ताव पारित गरेको छ । बैंक अध्यक्ष स्वरूप गुरुङ कोनेको अध्यक्षतामा सम्पन्न वार्षिक साधारणसभाले आव ०६९/७० को वार्षिक प्रतिवेदनसहित वासलात, नाफा-नोक्सान हिसाब र नगद-प्रवाह विवरण पारित गरेको छ । साधारणसभाले बैंकमा १४ वर्षसम्म प्रमुख कार्यकारी अधिकृतको रूपमा काम गरेका सुधीर खत्रीलाई धन्यवाद दिएको छ ।

साधारणसभाले संस्थापक र सर्वसाधारण सेयर स्वामित्वको संरचना क्रमशः ५१ प्रतिशत र ४९ प्रतिशत कायम गर्न १९ प्रतिशत संस्थापक सेयरलाई सर्वसाधारण समूह 'ख' मा परिवर्तन गर्ने निर्णय सर्वसम्मत पारित गरेको छ । बैंकले हाल मुलुकभर २२ शाखा सञ्जाल र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक्सटेन्सन काउन्टरबाट बैंकिङ कारोबार गर्दै आएको छ । बैंकले ०७० पुस मसान्तसम्म १९ अर्ब ९४ करोड निक्षेप तथा १५ अर्ब ३९ करोड ऋण परिचालन गरी १४ करोड ८३ लाख मुनाफा आर्जन गरेको साधारणसभामा जानकारी दिइएको थियो ।

## कोइरालालाई...

ल्याएको र पेट्रोलियम पदार्थको मूल्यबृद्धि गर्दा समेत पार्टीलाई जानकारी नगराएको भन्दै संसदमै कांग्रेस सभासदहरूले असन्तुष्टी व्यक्त गरेका थिए । आफ्नै पार्टीका सभासदहरूले समेत सरकारको आलोचना गर्न थालेपछि प्रधानमन्त्री कोइरालाले सरकारका कामकारबाहीको पार्टीभित्रैबाट प्रतिरक्षा गर्न मन्त्रीहरूको बैठक डाकेका थिए । तर त्यसैमा पनि सरकारको प्रभावकारिता नभएको, सुस्त गतिले अघिबढेको भन्दै कोइरालाको आलोचना भएको थियो । कांग्रेस नेताहरूले नै सरकारको आलोचना सार्वाजनिक रूपमै गर्न थालेपछि त्यसको बचाउ गर्न प्रधानमन्त्री कोइरालाले आफू निकट केही केन्द्रिय सदस्यहरूलाई जिम्मेवारी दिएको बालुवाटार सुत्रले जनाएको छ ।

कोइराला सरकारको कामकारबाहीलाई लिएर सहमहामन्त्री पूर्णबहादुर खड्काले पार्टीभित्र कुनै छलफल विनै सरकारले साझा नीति तथा कार्यक्रम ल्याएको भन्दै प्रधानमन्त्री कार्यालयमै पुगेर प्रधानमन्त्रीलाई विमति पत्र नै थमाएका छन् भने अर्का नेता तथा सभासद अर्जुननरसिंह केसीले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको भन्दै संसदमै सरकारको चर्को आलोचना गरेका थिए । त्यस्तै अर्का केन्द्रिय सदस्य शेखर कोइरालाले पनि सरकारले कुनै गति लिन नसकेको भन्दै डेढ महिना लामो समय नभएपनि प्रधानमन्त्रीसँग समय नभएको हुनाले सरकारले प्रभावकारिताका साथ अघि बढ्दै सुशासन दिन र संविधान निर्माणको वातावरण बनाउन लाग्नु पर्ने बताएका छन् । अर्का केन्द्रिय सदस्य प्रकाशशरण महतले सरकार ठोस दृष्टिकोण लिएर अघि बढ्न नसकेको स्वीकार गर्दै पार्टीले सरकारको नेतृत्व गरेपनि त्यसको अनुभूति आफूहरूलाई नभएको बताएका छन् ।

## चुनावमा...

धन्यवाद समेत दिएका थिए तर निर्वाचन परिणाम आउने क्रममा उनले चुनावमा धाँधली भएको भन्दै मध्यरातमा प्रेस विज्ञप्तीमार्फत विरोध जनाएका थिए ।

अध्यक्ष दाहालको बुझाइमा उनको पार्टीलाई हराउन नेपाली सेना नै लागेको थियो । खिलराज रेग्मी नेतृत्वको तत्कालीन सरकारले सुक्ष्म तरिकाले धाँधली गरेर आफ्नो पार्टीलाई हराएको आरोप लगाएका दाहालकै पार्टीले हालै संसद्को विशेष सुरक्षा समितिको वैठकमा निर्वाचनमा सेना परिचालन सम्बन्धी विधेयक पारित गर्न सघाएकोले उसले लगाएका सबै आरोपहरू निराधार भएको प्रमाणित एमाओवादीले नै गरेको छ । संविधानसभामा बसेको वैठकले उक्त विधेयक पारित गरेको थियो । चुनावमा सेना परिचालन सम्बन्धी निर्णय तीन ठूला दल नेपाली काँग्रेस, नेकपा एमाले र एमाओवादीकै सहमतिमा तत्कालीन रेग्मी सरकारले गरेको थियो । संविधानसभाको चुनाव बहिष्कार गर्ने निर्णय गरेको नेकपा-माओवादीलाई तह लगाउनका लागि एमाओवादीले नै चुनावमा सेना परिचालन गर्ने निर्णय गर्नु पर्ने भन्दै सेना परिचालन गर्न तत्कालीन रेग्मी सरकारलाई एक किसिमले दबाब नै दिएको थियो ।

संसद्को विशेष सुरक्षा समितिले निर्वाचनमा सेना परिचालन सम्बन्धी विधेयक पारित गर्दै चुनाव निष्पक्ष, धाँधलीरहित भएको भन्दै सबैलाई धन्यवाद दिएको हुनाले एमाओवादीको आरोप निराधार भएको प्रमाणित भएको छ । विशेष सुरक्षा समितिको वैठकमा एमाओवादीका अध्यक्षसहितका अन्य नेताहरूको समेत उपस्थिति रहेको वैठकले नै चुनावमा धाँधली नभएको प्रमाणित गरेपछि एमाओवादीको छानविनको माग स्वतः समाप्त भएको छ ।

## भागवण्डामा...

ठूला भनिएका काँग्रेस एमाले र एमाओवादीले २६ सभासद् पदहरू भागवण्डाका आधारमा बाँडफाँड गर्ने निर्णय गरेर अन्तरिम संविधानको ठाडो उल्लंघन गर्ने प्रयास गरेका छन् । संविधानसभामा उपस्थित भएका ३० दलमध्येका तीन दलले बाँडफाँड गरेर चौथो ठूलो दल राप्रपा नेपाललाई भने एकपदसम्म नदिने सहमति तीन दलले गर्नुले फेरि निषेधको राजनीति दोहोरिएको प्रमाणित भएको छ ।

पहिलो संविधानसभाले समेत निषेधको राजनीति गरेकै कारण संविधान निर्माण हुन सकेको थिएन । त्यसबेला एमाओवादी सबैभन्दा ठूलो पार्टी रहेकोमा उसको व्यवहार ठीक नभएकोले उसलाई दोस्रो संविधानसभाको चुनावसम्म आइपुग्दा जनताले तेस्रो ठूलो दलमा खुम्चिन बाध्य पारिदिएका छन् । अहिले फेरि काँग्रेस-एमालेले एमाओवादीकै जस्तो हैकमवाद लाद्न खोजिरहनुले उनीहरू कतै संविधान निर्माणमै अवरोध त पुऱ्याउन खोजिरहेका छैनन् भन्ने प्रश्नसमेत उब्जिएको छ । संसद्मा प्रमुख प्रतिपक्षी रहेको एमाओवादीले सबै प्रतिपक्षीहरूको सहयोग र समर्थनमा अघि बढ्नुपर्नेमा ऊ पनि सत्ताधारी दलहरूसँगै घुँडा टेक्न गएको हुनाले अब संविधानसभा/व्यवस्थापिका संसदमा रहेका तीन ठूला दलहरूबाहेकका सबै दलहरूले मोर्चावन्दी गरेर तीनै दलकाविरूद्ध आवाज उठाउनुपर्ने अवस्था स्वयम् ठूला दलले गरेको एक नेताले बताएका छन् ।

## मधेशी दलहरूको...

ठाउँमा ल्याउन सकेको खण्डमा सबै मेधसवादी दलहरू एकीकण हुन सक्ने सम्भावना भएपछि फोरम नेपालका दोस्रो तहका नेता र गच्छदारको पार्टीका दोस्रो तहका नेताहरूले गच्छदार र यादवलाई एकै ठाउँमा राखेर वार्ता गराउने प्रयास सुरू गरेका छन् । गच्छदार कांग्रेसी पृष्ठभूमीका भएका र यादव कम्युनिष्ट पृष्ठभूमीका भएका हुनाले यी दुवै नेतालाई एकै ठाउँमा राख्न सक्नु मधेशवादी दलहरूको लागि फलामको च्युरा चपाउनु सरह रहेको एक मधेशवादी दलका दोस्रो तहका नेताले बताएका छन् ।

अहिले तराई मधेश लोकतान्त्रिक पार्टी, मधेशी जनअधिकार फोरम नेपाल र सद्भावना पार्टीबीच एकीकरण प्रयास भएपनि त्यो प्रयास असफल सावित भएको छ । खासगरेर फोरम नेपालका अध्यक्ष उप्रेन्द्र यादवले सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोलाई आफू सरहको हैसियतमा राख्न अस्वीकार गरेको हुनाले यी तीन पार्टीबीचको एकता भ्यागुताको धार्नी भएको हुनाले सबै मधेशवादी दलहरूको एकीकरण हुनुपर्ने भन्दै सबै दलका दोस्रो तहका नेताहरू एकीकरणको प्रयासमा लागेका छन् । मधेशवादी दलहरूमा गच्छदार र यादवले एकीकरणको प्रस्तावलाई स्वीकार गरेको खण्डमा सबै मधेशवादी दलहरू एउटै पार्टी बन्न सक्ने अवस्था रहेपनि पार्टीगत स्वार्थ र व्यक्तिग स्वार्थले गर्दा विभाजित भएका दलहरू फेरि एकीकरण हुन सक्ने झिनो आश मात्र रहेको एक मधेसवादी दलकै नेताले बताएका छन् । उनको भनाइमा एकीकरणको बाधक गच्छदार र यादव नै भए पनि उनीहरू त्यो देखाउन चाहिरहेका छैनन् ।

## फेरि ब्यूँतियो...

छ । तीन दलीय सिन्डिकेट बनाएर फेरि तीन दलले मात्र आफ्नो हैकमहरू अन्य दलहरूभित्र लाद्न खोजेको हुनाले उनीहरूले लोकतान्त्रिक व्यवस्थाको नै खिल्ली उडाएको आभास पाउन थालिएको छ ।

एमाओवादीले गत पुसमा आफूसँग भएको चारबुँदे सहमति कार्यान्वयन नभएको खण्डमा आफ्नो पार्टी आन्दोलनमा जाने उद्घोष संसद्मै गरेपछि काँग्रेस, एमालेले एमाओवादीको माग अनुसार संविधानले नचिनेको र परिकल्पना नै नगरेको उच्चस्तरीय राजनीतिक संयन्त्र फेरि ब्युँताउने निर्णय गरेका छन् । पहिलो संविधानसभामा समेत विवादित विषयहरू मिलाउने भन्दै चार दलीय उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरेपछि त्यसैबेला त्यसको व्यापक आलोचना भएको थियो । अहिले फेरि तिनै ठूला दलले तीन दलीय सिन्डिकेट बनाएर संविधानसभा/व्यवस्थापिका संसद्लाई अनिर्णयको बन्दी बनाउने प्रयासमा लागेका हुनाले अब सभासद्हरूबाटै त्यसको विरोध हुनुपर्ने अवस्था आएको छ । सबै विवादित विषयहरूको छिनोफानो संसद्बाटै हुनुपर्छ । संसद्भन्दा बाहिर गरिने निर्णयहरू किमार्थ स्वीकार गरिनुहुँदैन । सार्वभौमसत्ता सम्पन्न संसद्लाई वेवास्ता गरेर कुनै रिसोर्ट र होटलमा तीन दलले गरेका निर्णयहरू संसद्ले स्वीकार गर्नु भनेको संसद् सार्वभौम नभएको प्रमाण हो ।

## चीन विरोधी...

शरणार्थीहरूलाई शरणार्थी परिचय पत्र बोकेर मात्र हिंडडुल गर्न आग्रह गर्दै नत्र सरकारले कानुन अनुसार ठेगान लगाउने चेतावनी समेत दिएका छन् । शरणार्थीको नाममा नेपालमा बसेर कसैलाई पनि अराजकता मच्चाउने छुट नभएको पनि गृहमन्त्री गौतमले प्रष्ट पारेका छन् ।

सरकारले गुण्डागर्दीविरूद्ध कडा कदम चालेको, कानुन हातमा लिन खोज्ने जो सुकै र जुनसुकै पार्टीका भएपनि तिनीहरूलाई कानुन अनुसार ठीक पारिएको बताए पनि ति को हुन्, कुन पार्टीमा संलग्न छन् भन्ने चाहिँ प्रष्ट पारेनन् । गृहमन्त्री गौतमले जसरी भएपनि एक वर्षभित्रमा संविधान निर्माण गरिने उद्घोष गर्दै सरकार एक वर्षभित्रमा संविधान निर्माण गर्न प्रतिबद्ध रहेको र त्यही अनुरूप सरकारले संविधानसभा/व्यवस्थापिका संसदलाई सहयोग गरिरहेको बताएका छन् । स्थानीय निकायको चुनाव ६ महिनाभित्रमा गराउने प्रतिबद्धता सबै दलले संविधानसभाको दोस्रो निर्वाचनमा जाँदा जनतासँग गरेको भन्दै त्यो पुरा गर्न सरकारले गृहकार्य अघि बढाएको बताएका छन् । सत्य निरूपण तथा मेलमिलाप आयोग तत्काल गठन गरिने बताउँदै द्वन्द्वकालमा भएका सबै मानव अधिकार हननका घटनालाई आयोग मार्फत् समाधान गरिने बताएका छन् ।

सो कार्यक्रममा एमाओवादीका नेता खिमलाल देवकोटाले अहिलेसम्म मानवअधिकारलाई राजनीतिक रूपमा मात्र हेरिएको र राजनीतिक अधिकार मात्र खोजिने गरेको भएपनि अब त्यसलाई आर्थिक, सामाजिक र साँस्कृति अधिकारसम्म पुऱ्याउनु पर्ने बताएका थिए । मानवअधिकारलाई नेपालमा राजनीतिक अधिकारका रूपमा चित्रित गरेको र भोको पेटले पहिला पेट भर्न पाउनु पर्ने अधिकार खोसेको त्यहाँ उपस्थित भएका मानवअधिकारकर्मीहरूले नै स्वीकार गरेका थिए । के राजनीतिक अधिकारले पेट भर्दछ त एक अधिकारकर्मीले प्रश्न गरेका थिए, खोई आर्थिक अधिकार ?

## क्यासिनोबाट...

गत साउन ६ गतेबाट पहिलो पटक नियमावली कार्यान्वयन गर्न सबै क्यासिनोहरूलाई सरकारले चार महिनाको समय दिएको थियो । तर सरकारले फेरि दोस्रो पटक पनि चार महिनाको समय थपिदिएकोमा त्यो थपिएको समय पनि गत शुक्रबार सकिएपछि फेरि सरकारले १५ दिनको सयम थपिएको छ । यसरी पटक-पटक सयम थप्दा पनि सरकारले कुनै कारबाही गर्न नसक्ने भन्दै क्यासिनोहरूले राजस्व तिर्न सक्ने सम्भावना देखिँदैन । गत शनिवारदेखि नै क्यासिनोहरू सञ्चालन अवैध हुने भन्दै कारबाहीका लागि गृहमन्त्रालयलाई पर्यटन तथा संस्कृति मन्त्रालयले पत्र पठाएको भए पनि क्यासिनोहरूलाई कारबाही गर्न आवश्यक तयारी नपुगेको भन्दै १५ दिनको समय थपिएको गृह सुत्रले बताएको छ । उक्त समयमा गृहले पर्याप्त गृहकार्य गरेर क्यासिनोहरूलाई कावराहीको दायरामा ल्याइने भने पनि त्यसमा विश्वास गर्न सकिने आधारहरू देखिएका छैनन् ।

क्यासिनो नियमावली लागु भएको आठ महिनासम्ममा पनि सरकारी वक्यौता तिर्न नचाहने क्यासिनोहरूले १५ दिनभित्रमा रकम तिर्ने छाँट नदेखाएको पर्यटन सुत्रले दाबी गरेको छ । जम्मा १० वटा क्यासिनो रहेकोमा अहिले दुई वटा क्यासिनो बन्द भएका छन् । पर्यटन सुत्रका अनुसार नियमावलीको पालना नगर्ने अन्य आठवटा क्यासिनो बन्द भएपनि कुनै असहज अवस्था नआउने पर्यटन सुत्रले दाबी गरेको छ । पर्यटन सुत्रका अनुसार अहिले सञ्चालनमा रहेका क्यासिनो बन्द भएपनि नयाँ लगानीकर्ताले नियमावलीको पालना गर्दै नाफामूलक व्यवसाय सञ्चालन गर्ने बाटो खुल्ला भएको छ । अहिले सबै क्यासिनोहरूले गरी चालु आर्थिक वर्षमा ५ करोड २० लाख र गत आवसम्मको ६ करोड रकम सरकारलाई तिर्न बाँकी रहेको छ भने दण्ड जरिवाना र करसमेत बाँकी छ ।

# हाइयर कमान्ड तालिममा २० महासेनानी सहभागी हुने

काठमाडौं । सेनाले पहिलोपटक सुरू गर्न लागेको उच्च तहको तालिम 'हाइयर कमान्ड कोर्स' अध्ययनमा २० महासेनानी सहभागी हुने भएका छन् । पाँच महासेनानीलाई वैकल्पिकमा राखिएको छ ।

सेनाले भर्खरै मात्र महासेनानीबाट सहायक रथीमा बढुवा हुन 'हाइयर कमान्ड कोर्स' अध्ययनलाई अनिवार्य सर्त बनाएको छ । तालिममा सहभागी हुने महासेनानी सबै २४ र २५ बेसिकबाट छनोट गरिएका छन् । छनोटमा पर्ने महासेनानीमा शैलेन्द्रशमशेर राणा, दीपक गुरूङ, सीताराम खड्का, सरोजप्रताप राना, तारध्वज पाण्डे, विनोद पाण्डे, निरञ्जन श्रेष्ठ, ईश्वरकान्त मैनाली, भरत पाठक, सागर केसी, अशोक सिग्देल, सुशीलकुमार बिसी, सञ्जयसिंह भण्डारी, भरत खड्का, दिलीप विष्ट, जित गुरूङ, अजित थापा, बालकृष्ण कार्कीलगायत छन् । सोमबार मात्रै छनोट गरिएका महासेनानीको नामावली अहिलेसम्म गोप्य राखिएको छ ।

सैनिक प्रवक्ता जगदीशचन्द्र पोखरेलले हाइयर कमान्ड कोर्स अध्ययनमा महासेनानी छनोट गरिएको बताए । उनले भने, 'सेनाका उच्च अधिकृतले गर्न लागेको यो तालिम पहिलो हो । यो तालिम नलिएका महासेनानी सहायक रथीमा बढुवा हुन पाउँदैनन् ।' छनोटमा परेका महासेनानी १० वैशाखबाट तालिममा सहभागी हुने छन् । तीन महिना अवधिको तालिमको शिक्षालय नगरकोटमा निर्माण गरिएको छ । हाइयर कमान्ड कोर्स अध्ययनसम्बन्धी नियमावलीमा प्राविधिकतर्फका सैनिक अधिकृतलाई सहभागी गराउने व्यवस्था गरिएको छैन । तर, छनोटमा प्राविधिकतर्फका सैनिक अधिकृतको नाम पनि परेको सैनिक स्रोतको दाबी छ । वैकल्पिकका रूपमा छनोट गरिएका प्राविधिक हुन् ।

# विश्व क्षयरोग दिवस

वीरगंज । छुटेका सबै क्षयरोगका विरामी खोजौ उपचार गरि निको पारौ भन्ने नारा सहित विश्व क्षयरोग दिवस नारायणी उपक्षेत्रिय अस्पतालको सभाकक्षमा जिल्ला जन स्वास्थ्य कार्यालय पर्सा,नाटा र सानो पाईला वीरगंजको तत्वधानमा पत्रकार अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमको क्रममा जानकारी अनुसार विश्वमा ९० लाख क्षयरोगि रहेका छन् भने ३० लाख जति क्षयरोगी उपचार बाट वन्चित रहने गरेको तथ्याङ रहेको छ । त्यस मध्ये अधिकाश गाउँघरका रोगी र बोर्डर क्रस गर्ने गरेका सरूवा रोगी लागु पदार्थ दुर्व्यसनी,यौन कर्मी,मजदुर आदी रहेको बताइन्छ । नेपालमा अहिले करीब ७५ हजार क्षयरोगी छन् भने वर्षेनी २५ हजार नयाँ क्षयरोगी थपिने गरेका छन् । क्षयरोगबाट प्रत्येक वर्ष सालाखाला ६ हजार नेपालीको मृत्यु हुने गरेका छन् । सन् १९९० देखि ४५ प्रतिशत क्षयरोगी विरामी कम हुदै आएको छ । त्यसै गरी खासमा पर्सा जिल्लाको सन्दर्भमा जानकारी दिने क्रममा यस जिल्ला भित्र मुख्य रूपमा विरूवागुठी, वागवना, मधुवन मथौल, वेल्वा, रामगढवा, हरपतगंज, सुवर्णपुर, निर्मलवस्ती, ठोरी जितपुर सुपौली गा.वि.समा क्षयरोगी को प्रकोप बढी हुने गरेको बताइयो । पर्सा जिल्लामा २०६९।७० र २०७०।७१ श्रावन देखि कार्तिक महिनामा जम्मा क्षयरोगी १४६७ रहेकोमा ४३२ जना नियमित रूपले औषधी सेवन बाट निको भएका छन् । हाल उपचार गरिरहेका क्षयरोगी १०३५ जना रहेका छन् । भिजन अनुसार नेपाललाई क्षयरोग विहिन नेपाल बनाउने रहेको भए तापनि मृत्युदर घटाउदै लाने रहेको छ । त्यसै गरि रोग पत्ता लगाउने अभियान अन्तर्गत ७० प्रतिशत लक्ष्य बनाएको मा १ प्रतिशत मात्र रोगीहरू पत्ता लगाउन बाँकी रहेको बताइन्छ । यस जिल्लाको विरामी निको भए पश्चात ५०० रूपैयाको दरले महिनामा पोषण खर्च दिने गरेको जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख अरूण कुमार महतोले बताउनुभयो । - ***कुसुमलाल श्रेष्ठ***

## प्रधनमन्त्री...

अहिले चुनावै नचाहेको उद्घोष गर्दै स्थानीय निकायको चुनाव हुने भए नेकपा एमालेको महाधिवेशन एक महिना पछि सार्न आफ्नो पार्टी तयार रहेको बताएका छन् । अहिले स्थानीय निकायमा आउने बजेट हिनामिना हुँदैछ, विकास निर्माणका कार्यहरू ठप्प भएका छन् भन्दै जनताले सामान्य सेवा लिन पनि कठिनाइ भोग्नु परेको छ । भ्रष्टाचार मौलाएको छ । यति हुँदाहुँदै पनि हामी मौन रहेर हेरिरहेका छौं भन्दै अब स्थानीय निकायको चुनाव नै ती सबै समस्याको समाधानको बाटो भएको हुनाले अविलम्ब स्थानीय निकायको चुनाव हुनुपर्ने बताएका छन् ।

**२०७० चैत्र १७ देखि २०७१ वैशाख १९ सम्म बराहक्षेत्रको चतराधाम सुनसरीमा आयोजना हुन गइरहेको पूर्ण महाकुम्भ मेलामा सहभागी भई अक्षय पुण्य आर्जन गरौं ।**

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार